# पञ्जिकरण (व्यक्तिगत घटना दर्ता) कार्यक्रम

# वार्षिक प्रतिवेदन

# २०६७-२०६९


नेपाल सरकार

**स्थानीय विकास मन्त्रालय**

**जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखा**

सिंहदरबार, काठमाण्डौ

टेलिफोन:४२००२९२

**Email:vitalevent@mld.gov.np**

## भाग–१

# व्यक्तिगत घटना दर्ता: एक परिचय

### १. भूमिका:

साधारणतः व्यक्तिको जीवनमा जन्म देखि मृत्यु सम्मको अवधिमा विभिन्न किसिमका घटनाहरु भइरहेका हुन्छन् । ती घटनाहरुले व्यक्तिको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर वा प्रभाव पारेका हुन्छन् । व्यक्तिको जीवनमा हुने यस किसिमका घटनाहरुजसले व्यक्तिलाई मात्र असर वा प्रभाव नपारी समाज, राष्ट्र वा त्यस भन्दा बाहिर गएर क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरसम्म सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक जनसाख्यिक रुपमा प्रभाव पारेका हुन्छन् । यस किसिमका व्यक्तिगत घटनाहरु जसले व्यक्ति स्वयं मात्र नभई विश्वव्यापी रुपमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभाव वा असर पार्न सक्ने हुन्छन् वा पार्ने गर्दछन्, त्यसता घटनाहरुलाई राज्यले अभिलेख गर्दा सार्वजनिक प्रशासनके महत्वपूर्ण आधारस्तम्भ हुन सक्दछन ।

राज्यको प्रमुख ध्येय नागरिकहरुको सुरक्षा र हक हितको प्रवर्द्धन गर्नु हो । नागरिकहरुलाई राज्यवाट प्रंदान गरिने सेवा–सुविधा सरल, सहज र प्रभावकारी रुपमा जवाफदेही र उत्तरदायीत्वका साथ प्रदान गर्न नागरिकहरुको अभिलेख व्यवस्थापन गरिनु आवश्यक हुन्छ, जुन राज्यको सार्वजनिक प्रशासनको आधारस्तम्भको रुपमा रहेको हुन्छ । यसै अवधारण अनुरुप व्यक्तिका जीवनमा निरन्तर घटिरहने जन्म, मत्यु, विवाह आदि व्यक्तिगत घटनाहरु जसले व्यक्तिको पहिचान तथा कानुनी अधिकार स्थापना गर्न सहयोग पुऱ्याउनुका साथै राज्यको लागि प्रशासनिक तथा जनसाँख्यिक अभिलेख तथा तथ्यांक निर्माण गर्न साहयोग पुऱ्याउने हेतुले नागरिक पञ्जिकरण प्रणाली (Civil Registration System) लाई राज्यले सञ्चालन गर्न शुरुआत गरेको पाईन्छ ।

प्राचीन चीन, भारत, ग्रीस, मिश्र लगायतका देशहरुमा कुनै न कुनै रुपमा यस प्रणालीको शुरुआत भएको भएतापनि आधुनिक विश्व इतिहासमा स्वेगण्डिनेभियन मुलुकहरु नर्वे, स्वीडेन, फिनलेण्ड लगायत डेनमार्क, व्रिटेन जस्ता देशहरुमा १५ औ शताब्दी देखि नै भएको देखिन्छ । एशियाली देशहरु मध्ये जापानमा यस प्रणालीको विकास सन् १८९८ भएको पाइन्छ ।

साधारण अर्थमा व्यक्तिगत घटना दर्ता प्रणाली भन्नाले मुलुकको कानून वमोजिम जीवनमा घटने जन्म, मृत्यु, विवाह, सम्बन्भ विच्छेद र वसाईसराई जस्ता घटनाको कानूनी रुपमा दर्ता गर्ने र सो को अभिलेख गर्ने पद्दतीलाई बुझिन्छ । व्यापक अर्थमा लिंदा कुनै मुलुकको सामाजिक, साँस्कृतिक, जनसाँख्यिक, प्रशासनिक परिस्थितिलाई ध्यान दिई व्यक्तिका व्यक्तिगत घटना दर्ता गर्ने, परिक्षण गर्ने, प्रमाणित गर्ने, अभिलेख राख्ने र त्यसको तथ्यांक उपलब्ध गराउने पद्दतीलाई व्यक्तिगत घटना दर्ता प्रणालीको रुपमा लिइन्छ । व्यापक अर्थमा हेर्दा व्यक्तिगत घटना दर्ता प्रणालीलाई नागरिक पञ्जिकरण प्रणाली (Civil Registration System) को रुपमा लिने गरिन्छ । Civil Registration System (CRs) अन्तर्गत यस कार्यसंग सम्बन्धित संस्थागत, कानूनी, प्रक्रियागत सबै विषयहरु पर्ने गर्दछन् । नागरिक

पञ्जिकरण प्रणालीको अभिलेखको माध्यमवाट प्राप्त हुने जनसंख्या संग सम्बन्धित जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, लगायतका विवरणहरुवाट प्राप्त हुने तथ्यांकलाई महत्वपूर्ण जनसांख्यिक तथ्याक (Vital Statistics) को रुपमा लिने गरिन्छ । नागरिक पञ्जिकरण प्रणाली निरन्तर स्थायी, अनिवार्य रुपमा पञ्जिकृत गरिने प्रणाली भएको र यो नागरिकको जीवनको वाध्यात्मक कानुनी कार्य पनि हो ।

Civil Registration system का सम्बन्धमा Handbook on Civil Registration and Vital Statistics Systems, Management Operation and Maintenance, UN, New York 1998 को पुस्तकमा देहाय अनुसार परिभाषित गरेको पाइन्छ ।

The Civil Registration Method is defined as the continuous, Permanent, Compulsory recording of occurance and characteristics of vital events, as provided through degree of regulators, in accordance with the legal requirements in each country. Although Civil registration carried out Primarily for the value of legal documents as provided by law, the use of such records as a source of vital statistics is universally recognized.

A Civil Registration System refers to the entire administration, legal, institutional framework, including the personnel, registration network procedures, record keeping and retrieval, certificate issuing outputs, services to other agencies and all other activities pertaining to civil registration in a country (or State/Province). The civil registration system, therefore, encompasses both the registration method and all institutional technical and legal settings associated with it.

A Vital Statistics System is defined as the total process of (a) collecting by registration, enumeration or indirect estimation of information on the frequency of occurancy of certain vital events as well as relevant characteristics of the events themselves and of the person (s) concerned and (b) compiling, analyzing, evaluating, presenting and disseminating those data in statistical forms.

व्यक्तिको जीवनमा घटिरहने विभिन्न घटनाहरु मध्ये व्यक्तिको नागरिक अधिकार राज्यकाृ तर्फवाट सुरक्षित, संरक्षण गर्ने घटना तथा राज्यका प्रशासनिक जनसांख्यिक, आार्थिक, राजनीतिक क्षेत्रमा उपयोग हुन सक्ने महत्वपूर्ण घटनाहरुलाई राज्यले वैद्यानिक तवरवाट दर्ता गरी अभिलेखराख्ने गरिन्छ । यसैले व्यक्तिगत घटना (Vital Events) को रुपमा जन्म, मत्यु लयागतका विभिन्न घटनाहरु हुने भएतापनि कुनै पनि राज्यले आफ्नो आवश्यकता, संस्थागत व्यवस्था, क्षमता आदिको कारण राज्यको तर्फवाट कानूनी रुपमा पञ्जिकृत गरिने व्यक्तिगत घटनाहरुलाई परिभाषित गरी तोकेको पाइन्छ र यसैले यी घटना मात्र व्यक्तिगत घटना हुन् भनि परिभाषित गर्न कठिन हुने भएता पनि सामान्यतःव्यक्तिको जीवनमा घटने जनसांख्यिक तथ्यांकको लागि उपलब्धी मूलक हुने तथा व्यक्तिका त्यस्ता अभिलेखहरुलाई प्रशासनिक कार्यका लागि निरन्तरता दिन सकिने किसिमका घटनाहरुलाई व्यक्तिगत घटनाको रुपमा लिनेगरिएको पाइन्छ । यस सन्दर्भमा संयुक्त राष्ट्र संघले देहायका घटनाहरुलाई व्यक्तिगत घटनाको रुपमा परिभाषित गरीएको पाईन्छः

१) जिवित जन्म (Live Birth)

२) जिवित जन्म नभई मृतरुपमा जन्मीएको वा अघिग्रो जानु वा समयावधि अघि वा पछि मृतरुपको जन्म (Foetal Death)

३) मृत्यु (Death)

४) विवाह (Marriage)

५) सम्बन्ध विच्छेद (Divorce)

६) धर्मपुत्र-पुत्री राख्नु (Adoption)

७) विवाहित आमाबाबुबाट जन्मेको बच्चाको वैद्यता कायम गरिनु (Legitimation)

८) विवाह वन्धन अगावै जन्मेको वच्चाको कायम गरिनु (Recognition)

९) पति-पत्नि अलगरुपमा रहनु (Separation)

१०) युवक र युवती विच विवाह नभएको कानूनी रुपमा प्रमाणित गरिनु (Annulment of marriage)

माथि उल्लेख गरिएका घटनाहरुलाई व्यक्तिगत घटना (Vital Events) को रुपमा परिभाषित गरिएता पनि कुनै मुलुकले आ-आफ्नो भौगोलिक, सांस्कृतिक, जनसांख्यिक प्रशासनिक अवस्था अनुरुप अनुकुल हुने गरी कानूनी रुपमा व्यक्तिगत घटनाको दर्ता गर्ने व्यवस्था गरिएको पाइन्छ र उक्त घटनाहरुलाई तोकिएका सार्वजनिक अधिकारी मार्फत दर्ता गर्ने गरिन्छ । नेपालमा जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र वसाईसराई जस्ता घटनाहरुलाई जन्म, मत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ ले दर्ता गर्ने व्यवस्था गरेको छ ।

## २) नेपालमा व्यक्तिगत घटना दर्ताको प्रारम्भ र विकास क्रमः

पन्ध्रौ शताब्दी देखि नै अभिलेखको रुपमा विकास भएको पञ्जीकरण प्रणालीको शुरुआत नेपालमा २० औ शताब्दीको मध्यतिरमात्र भएको देखिएतापनि तथ्यांकीय प्रणालीको रुपमा मात्र शुरुआत गरिएको देखिन्छ, नगर पञ्चायत ऐन, २००७ को दफा ३४ को खण्ड (छ) ले नगर पञ्चायतले आफ्नो इलाकाभित्र जन्म र मृत्युको लगत राख्नुपर्ने र गाँउ पञ्चायत ऐन २०१८ ले गाउँ पञ्चायतले आफ्नो क्षेत्र भित्रको जन्म र मृत्युको लगत राख्ने व्यवस्था गरेको देखिन्छ । तर पनि यी निकायहरुले व्यक्तिगत घटनाका जन्म  र मृत्युका विवरणलाई अभिलेखको रुपमा पञ्जिकृत गर्ने व्यवस्था भएको देखिदैन । यसै सन्दर्भमा केन्द्रीय तथ्यांक विभागले काठमाण्डौ उपत्यकाका केही गाउँ पञ्चायतहरुमा Pilot Project को रुपमा व्यक्तिगत घटना दर्ता गर्ने कार्यक्रम सञ्चालन गरेको भएतापनि कार्यक्रम विस्तार हुन नसकी केही वर्षम नै स्थगत भएको देखिन्छ । परिवार नियोजन तथा मातृशिशु कल्याण योजनाले समेत परिवार नियोजन कार्यक्रमलाई प्रावकारी रुपमा सञ्चालन गर्न २ जिल्लाका केही गाउँ पञ्चायतहरुमा यस कार्यक्रमको शुरुआत गरेको भएतापनि कार्यक्षेत्रभित्र नपर्ने ठहऱ्याई कार्यक्रमलाई निरन्तरता दिउको देखिदैन । यसरी कानुनी रुपमा जन्म र मृत्युको लगत राख्ने

व्यवस्था गरिएको (न.पा. क्षेत्रभित्र) करिव २५ वर्षपछि जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ र जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ साल वैशाख १ देखि झापा, मोरङ्ग, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, कपिलवस्तु, बाँके, कञ्चनपुर र काठमाण्डौ गरी १० जिल्लाबाट प्रारम्भ भएको थियो । वि.सं.२०३५ सालमा ७ जिल्ला, वि.सं. २०३६ सालमा ११ जिल्ला, २०३७ सालमा ६ जिल्ला, वि.सं. २०३८ सालमा ६ जिल्ला  र वि.सं.२०४७ सालमा ३५ जिल्लामा कार्यक्रम विस्तार भई मुलुकका सबै ७५  जिल्लामा कार्यक्रम संचालन भएको देखिन्छ ।

## ३. व्यक्तिगत घटना दर्ता कार्यक्रमको उद्देश्य

नेपाल राज्यमा वसोवास गर्ने व्यक्तिगतको जन्म, मृत्यु, विवाह, वसाईसराई र सम्बन्धविच्छेद जस्ता घटनाहरुको दर्ता गरी प्रमाण पत्र दिनको लागि कानूनी व्यवस्था गर्नको लागि यो कार्यक्रम लागु भएको हो । यस कार्यक्रमका उद्देश्यहरु देहाय अुनसार उल्लेख गरिएको छ।

१) प्रत्येक व्यक्तिको घटना दर्ता गरी कानूनीस्तर कायम गर्ने ।

२) जनसंख्या सम्बन्धी विभिन्न तथ्याङ्क उत्पादन गरी उपलब्ध गराउने ।

## ४.व्यक्तिगत घटना दर्ताको महत्व

व्यक्तिगत घटना दर्ता प्रणलीलाई राज्यको प्रशासनिक अभिलेख र जनसांख्यिक तथ्यांकको लागि आधारस्तरभको रुपमा लिइन्छ । राज्यको प्रशासनिक अभिलेखको रुपमा कानूनी रुपमा दर्ता गरिने व्यक्तिगत घटनाको स्थीीय निकाय देखि केन्द्रीयस्तरसम्म महत्व रहेको देखिन्छ भने जनसांख्यिक तथ्यांकको महत्वपूर्ण स्रोतको रुपमा व्यक्तिगत घटना दर्ता प्रणालीले राज्य र व्यक्तिगत पुऱ्याउन सक्ने फाइदा र यस कार्यक्रमको महत्वलाई देहाय अ नुसार उल्लेख गर्न सकिन्छः

क) व्यक्तिगत

- व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र व्यीक्तगत घटना भएको भन्ने राज्यको तर्फावाट अभिलेख गरिएको प्रमाण भएको हुनाले व्यक्तिगत घटना दर्ताको प्रमाणलाई कार्यालय, अदालत वा अन्य वैयक्तिक करोवारमा प्रयोग गर्न सकिने ।
- व्यक्तिको नाम, उमेर, नागरिकता, जन्म भएको मुलुक स्पष्ट हुने ।
- नागरिकता, राहदानी प्राप्त विद्यालय भर्ना आदिमा सजिलो हुने ।
- नाता कायम, चल अचल सम्पत्तिको वेचविखन, हस्तान्तरण आदिमा सहज हुने ।
- पति-पत्निविचको नाता सम्बन्ध कायम गर्न ।
- सम्बन्ध विच्छेदको प्रमाणित गर्न
- मतदाता नामावलीमा नाम समावेश गर्न

जेष्ठ नागरिक, एकल महिला, वालवालिकाको लागि पोषण भत्ता लगायतका सामजिक सुरक्षा भत्ता प्राप्त गर्न । आदि

वसाईसराई गरेको प्रमाण प्राप्त गर्न ।

ख) राज्य

नागरिकता विरण तथा नागरिकता समस्या समाधानमा सरल हुने ।

विकास योजनाको मूख्य आधार देशको  जनसंख्याको स्थितमा भरपर्ने हुँदा यस प्रणालीद्वारा संकलन गरिएका जनसांख्यिक तथा प्रशासनिक तथ्यांकले राष्ट्रका विभिन्न प्रकारका नीति निर्माण र योजना तर्जुमाको लागि विश्वसनिय आधार प्राप्त हुने ।

जनसांख्यिक तथ्यांक प्रत्येक १०-१० वर्षमा हुने जनगणनावाट गर्न सकिने र विचका अवधिको तथ्यांक विभिन्न सर्वेक्षण तथा प्रक्षेपण विधिवाट जनसांख्यिक तथ्याङ्क प्राप्त गर्नुपर्ने हुँदा व्यक्तिगत घटना दर्ता प्रणालीवाट स्थानीयस्तरदेखि कै जनसांख्यिक तथ्यांक नियमित रुपमा प्राप्त गर्न सकने ।

राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न सहयोग पुग्ने ।

विभिन्न लक्षित समूहको तथ्यांक नियमितरुपमा प्राप्त गर्न सकिने

प्राथमिकता प्राप्त कार्यक्रम जस्तैःसामाजिक सुरक्षा, गरिवी निवारण आदी कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रमाण, अभिलेख तथा तथ्याङ्क प्राप्त गर्न सकिने ।

आन्तरिक वसाइसराइ र वाहय वसाइसराइ सम्बन्धी तथ्यांक नियमित उपलब्ध  हुने ।

विदेशी नागागरिकको  अभिलेख समेत अद्यावधिक हुने ।

स्वास्थ्य क्षेत्रसंग सम्बन्धित कोरा जन्म दर, मृत्युदर, शिशु मृत्यु दर, मातृ मृत्यु अनुपात जस्ता सूचकहरु उपलब्ध गराउन सहज हुने आदि ।

## ५.जनसंख्या तथा पञ्जिकरण शाखाको कार्य विवरण

१. व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, वसाइसराइ, सम्बन्ध विच्छेद) दर्ता सम्बन्धी अभिलेख, व्यवस्थापन, निर्देशन तथा सरोकारवाला निकायहरु संग समन्वय स्थापना गर्ने ।

२. व्यीक्तगत घटना दर्ता सम्बन्धी नीति, कानून र कार्ययोजना तर्जुमा सम्बन्धी कार्य गर्ने ।

३. व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यक्रमको महत्व र अनिवार्यता वारे स्थानीय निकायका पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीलाई वोध गराउन सरकारी तथा गैर सरकरी संस्थाहरुको सहभागीतामा प्रशिक्षण दिने तथा प्रचार-प्रसार गर्ने ।

४. व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण संकलन, विश्लेषण र प्रतिवेदन प्रकाशन गर्ने ।

५. पञ्जिकरण कार्यक्रमलाई प्रभावकारी तुल्याउन योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्ने ।

६. पञ्जिकरण सम्बन्धी अभिलेखलाई वैज्ञानिक बनाउन, तथ्यांकिय र कानूनी आधार स्पष्ट पार्ने साथै चेतना अभिवृद्धि र अभिमुखिकरणको माध्यमवाट मान्यता र सजगता विकास गर्ने, भौतिक साधनको व्यवस्था गर्ने तथा कम्प्युटरीकृत तथ्यांक राख्ने तर्फ पहल गर्ने ।

७. सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्ने गराउने ।

## ६. व्यक्तिगत घटना दर्ता सम्बन्धी कानूनी व्यवस्था

व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनको लागि नेपालमा वि.सं.२०३४ वैशाख गतेवाट १० जिल्लावाट प्रारम्भ गरिएको थियो । नेपाल राज्यमा वसोवास गर्ने व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता गरि प्रमाणपत्र वितरण गर्ने सम्बन्धमा कानुनी व्यवस्थ ागर्न र घटना दर्ता प्रक्रियालाई सव्यवस्थित गर्नको लागि देहायको कानूनी तथा निर्देशन सम्बन्धी व्यवस्था गरेको देखिन्छ :

१) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३

२) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली ।

३) स्थानीय स्वायत्त शासन ऐन, २०५५

४) व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा सथानीय पञ्जिकाधिकारीलाई दिइएको निर्देशन २०६७ ।

नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा व्यवस्था गरिइको ऐन र सो सम्बन्धी नियमावली प्रारम्भ भएको करिव ३६ वर्ष व्यतित भइसकेको हुँदा उक्त ऐन र नियमावली मार्फत कार्यक्रम कार्यान्वित गर्दा देखिएका समस्याहरुलाई नीतिगत निर्णयको आधारमा वाधा अडकाउ फूकाइ ऐन र नियमावलीको अनुकूल हुने  गरि समय-समयमा स्थानीय पञ्जिकाधिकारीहरुलाई निर्देशन पठाइने गरेको छ ।

## ७. नेपालमा दर्ता गरिने व्यक्तिगत घटना

व्यक्तिगत घटना  दर्ता गर्ने सम्बध्मा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ ले देशायका घटनाहरुलाई स्थानीय पञ्जिकाधिकारी मार्फत दर्ता गर्ने व्यवस्था गरेको छ ।

१) जन्म

२) मृत्यु

३) विवाह

४) सम्बन्ध विच्छेद र

५) वसाईसराई

## ८. व्यक्तिगत घटना दर्ता सम्बन्धमा गरिएको पदाधिकारी सम्बन्धी व्यवस्थाः

व्यक्तिगत घटना दर्ता र सो सम्म्बन्धी व्यवस्थापनको लागि जन्म, मृत्यु तथा अन्य व्यीक्तगत घटना (दर्ता गर्ने) ऐन २०३३ ले पञ्जिकाधिकारी (रजिष्ट्रार) र निजको मातहतमा रहने गरी प्रत्येक गाउँ विकास समिति र नगरपालिकाहरुमा स्थानीय पञ्जिकाधिकारीहरुको व्यवस्था गरेको पाइन्छ ।

नेपाल सरकारले मिति २०६७/४/२४ को राजपत्रमा सूचना प्काशित गरि देहायका पदाधिकारीलाई स्थानीय पञ्किकाधिकारीको रुपमा तोकेको छ ।

१) महानगरपालिका, उपमहानगरपालिका र काठमाण्डौ उपत्यकाभित्रका नगरपालिकाको हकमा सम्बन्धित महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका वडा-सचिव

२) काठमाण्डौ उपत्यका वाहेक अन्य न.पा.को हकमा सम्बन्धित न.पा.को वडा सचिव वा वडा सचिव नभएको अवस्थामा पञ्जिकाधिकारी (रजिष्ट्रार)को सहभागिमा नगरपालिकाको सचिवले तोकेको स्थानीय पञ्जिकाधिकारी

३) गाउँ विकास समितिको सचिव सम्बन्धित गाउँ विकास समितिको सचिव र गाउँ विकास समितिको सचिव नभएको गाउँ विकास समितिमा पञ्जिकाधिकारीको (रजिष्ट्रार) ले तोकिएको स्थानीय निकायको कर्मचारी ।

यसै गरी नेपाल सरकारले मिति २०६९/०२/१५ को राजपत्रमा सूचना प्रकाशन गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखाका शाखा प्रमुखलाई पञ्जिकाधिकारी (रजिष्ट्रार)को काम गर्ने व्यवस्था गरेको छ ।

## ९.पञ्जिकाधिकारी (रजिष्ट्रार) को काम र कर्तव्यः

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली २०३४ को नियम ३ मा पञ्जिकाधिकारीको काम र कर्तव्य उल्लेख गरिएको छ । जुन देहाय अनुसार रहेको छ :

स्थानीय पञ्जिकाधिकारीलाई व्यीक्तगत घटना दर्तासम्बन्ध्मा निर्देशन दिने ।

स्थानीय पञ्जिकाधिकारीले यथा समयमा व्यत्तिःगत घटना दर्ता नगरी वा दर्ताको प्रमाणपत्र नदिइ सूचकलाई अनावश्यक तवरले भूल्याई राखेको छ भनी निजहरु उपर पर्न आएको उजुरीमा आवश्इक कारवाही गर्ने ।

दर्ता भईसकेको व्यक्तिगत घटनाको विवरण सच्याउने र दर्ता भैसकेको नाम फेर्ने सम्बन्धमा स्थानीय पञ्जिकाधिकारीलाई अनुमति  दिने ।

स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा पठाइने व्यक्तिगत घटना दर्ताको  मासिक विवरण सम्बन्धी फारमको ढाचाँ तोकी दिने,

व्यक्तिगत घटनाको दर्ताका

तथ्याङ्क सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

व्यक्तिगत घटनाको दर्ताको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार पारी नेपाल सरकारमा पेश गर्ने

व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा ऐन र नियमको उद्देश्य कार्यान्वयन गर्न आवश्यक काम कारवाई गर्ने ।

**१०.स्थानीय पञ्जिकाधिकारीको काम र कर्तव्य**

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ र सो सम्बन्धी नियमावली २०३४ मा व्यवस्था भए अ नुसार स्थानीय पञ्जिकाधिकारीको माम, कर्तव्यलाई देहाय अनुसार  उल्लेख गर्न सकिन्छः

- व्यक्तिगत घटना दर्ताको सूचना फाराम भरेको ठिक भए नभउको जाँची सम्बन्धीत दर्ता कितावमा नियमानुसार घटना दर्ता गर्ने ।
- सूचक दिन आउने व्यक्ति लेखपढ गर्न नसक्ने भएमा निजले भने अनुसार फाराम भरी ल्यापचे छाप लगाई दर्ता किताबमा नियमानुसार घटना दर्ता गरिदिने ।
- दर्ता किताबमा व्यक्तिगत घटना दर्ता गरेपछि सूचना दिने व्यक्तिलाई प्रमााण्पत्र उपलब्ध गराउने ।

- एकपटक दर्ता भएको जन्मको घटनाको प्रमाणपत्रमा भएको उमेर, नाम वा जात यस ऐन वमोजिम सच्याउनु परेमा दर्ता भएको मितिले ६ महिनाभित्रमा अनुरोध भई आएमा छानविन गरी सच्याउन सक्ने ।
- यस वाहेकका व्यक्तिगत घटनादर्ताका अन्य विवरणहरु सच्याउनु परेमा पञ्जिकाधिकारी अनुमति प्राप्त भएपछि मात्र सच्याउन सक्ने ।
- सरोकारवाला व्यक्तिले माग गरेमा दर्ताको प्रतिलिपि उपलब्ध गराउने ।
- सरोकारवाला व्यक्तिले निवेदन दिएमा नियमानुसार घटना दर्ता किताव निरिक्षण गर्न दिने ।
- पञ्जिकाधिकारीले तोकिदिएको ढाँचामा मासिक, चौमासिक, वार्षिक विवरण जिल्ला विकास समितिको कार्यालय मार्फत पञ्जिकाधिकारीको कार्यालयमा पठाउनुपर्ने ।
- व्यक्तिगत घटना दर्तको अभिलेख सूरक्षित व्यवस्थित गरी राख्ने ।

## ११.व्यक्तिगत घटना दर्ता गर्ने प्रक्रिया

गाउँ विकास समितिको कार्यालय र नगरपालिको वडा कार्यालयमा रहेको स्थानीय पञ्जिकाधिकारीको कार्यालय मार्फत जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र वसाईसराइका व्यक्तिगत घटनाहरु दर्ता गरिने गरिन्छ । व्यक्तिगत घटना दर्ताको लागि सूचना दिने कर्तव्य भएको व्यक्तिले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा घटना घटेको मितिले ३५ दिन भित्र सूचना दिई निःशुल्क घटना दर्ता गराउन सक्ने व्यवस्था गरिएको छ । त्यस पछि दर्ता हुन आउने घटनाहरु नियमानुसार दस्तुर तथा जरिवाना लिएर दर्ता गर्न सकिन्छ ।

व्यक्तिगत घटना व्यक्तिका विवरण संग प्रत्यक्ष सरोकार राख्ने घटना भएकोले कानूनमा उल्लेख भएका व्यक्ति सूचक वनी दर्ता गर्न सकिने व्यवस्था रहेको छ । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दार्त गर्ने) ऐन २०३३ ले देहायका घटनाहरु दर्ता गर्न देहायका व्यक्ति सूचक वन्न सक्ने व्यवस्था गरेको छ ।

| **व्यक्तिगत घटना** | **सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति** |
|---|---|
| १.जन्म तथा मृत्यु | परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेकोसबैभन्दा जेठो व्यक्तिले |
| २. विवाह | पति-पत्नी दुवैले |
| ३. सम्बन्ध-विच्छेद | पति वा पत्नीले |
| ४. वसाइसराई | वसाइ सर्ने परिवार भए परिवारको मूख्य व्यक्तिले र परिवार नभए वसाइ सर्ने व्यक्तिले |

जन्म तथा मृत्युको व्यक्तिगत घटना दर्ता गर्नेको लागि सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा नेपाल सरकारले राजपत्रमा सूचना प्रशाशित गरी त्यस्तो सूचना दिनुपर्ने व्यक्ति तोक्न सक्ने व्यवस्था भए अनुसार हाल उक्त कार्यको लागि देहायको व्यवस्था गरिएको छ ।

१) गाउँ विकास समितिको क्षेत्रभित्रको व्यक्तिको हकमा सम्बन्धित वडा सदस्यको सिफारिशको आधारमा सम्बन्धित गाँउ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष र निजहरुको पद रिक्त भएको अवस्थामा गाउँ विकास समितिको सचिव ।

२) नगरपालिका क्षेत्रभित्रको हकमा सम्बन्धित वडा सदस्यको सिफरिशको आधारमा सम्बन्धित नगरपालिकाको प्रमुख एवं उपप्रमुख र निजहरुको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडा सचिवको सिफारिसको आधारमा कार्यकारी अधिकृत र वडा सचिवको व्यवस्था नभएको नगरपालिकाको हकमा कार्यकारी अधिकृत ।

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐनमा व्यवस्था भए वमोजिम नेपाल वाहिर घटेको घटना भएमा उक्त घटनाको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नेपाल आएको ६० दिनभित्रमा उक्त घटना दर्ता गर्न सक्ने व्यवस्था रहेको छ ।

## १२. जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखाको हाल मौजुदा जनशक्ति विवरण

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मौजुदा संगठनात्मक तालिम अनुसार स्वायत्त शासन व्यवस्था महाशाखा अन्तर्गत जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखा रहेको छ । हाल यस शाखामा कार्यरत जनशक्तिको विवरण देहाय अनुसार रहेको छ ।

१) पञ्जिकाधिकारी (रा.प.द्वि) प्रशासन सेवा        १ जना
२) शाखा अधिकृत (रा.प.तृ) प्रशासन सेवा        ३ जना
३) ना.सु. (रा.प.अनं.द्वि)  प्रशासन सेवा        १ जना

## भाग–१

# वि.सं. २०६७ सालको घटना दर्ताको अवस्था

वि.स. २०६७ सालमा विभिन्न जिल्लाहरुबाट प्राप्त व्यक्तिगत घटना दर्ता सङ्ख्याको विवरण अनुसार वि.स. २०६६ सालमा भन्दा सङ्ख्यात्मक रुपमा घटना दर्ताको मात्रामा वृद्धि भएको देखिन्छ । वि.स.२०६७ मा ६६ जिल्लावाट मात्र वार्षिक विवरण प्राप्त भएको हुदाँ वाँकी ९ जिल्लाको विवरण यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन ।

### २.१ वि.सं. २०६७ सालको वार्षिक विवरण प्राप्त नभएका जिल्लाहरु

व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यक्रम राज्यको कम प्राथमिकतामा रहेको र स्थानीय निकायहरुमा पनि यो ओझेलमा परेको छ । जन्म, मृत्यु, विवाह, वसाईसराई जस्ता घटना दर्तामा नागरिकको प्रत्यक्ष सरोकारको विषय भएको हुँदा यी घटनाहरु दर्ता गरिने भएतापनि यसको प्रशासनिक तथा तथ्यांकिय अभिलेखको व्यवस्थापनमा चासो राखेको पाईदैन । यस सन्दर्भमा वि.सं. २०६७ सालको व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण तयार गर्नको लागि देहायका जिल्लावाट विवरण प्राप्त हुन नसकेको देखिन्छ ।

१. महोत्तरी २. मनाङ्ग ३. रुकुम ४. सल्यान ५. डोल्पा ६. मुगु ७. जाजरकोट ८. अछाम ९. बझाङ्ग माथि उल्लेखित ९ जिल्लाहरुको विवरण यस प्रतिवेदनमा समावेश भएको छैन ।

### २.२ कूल घटना दर्ता संख्या

वि.सं. २०६७ सालको वार्षिक विवरण प्राप्त हुन आएका ६६ जिल्लाहरुको वार्षिक प्रतिवेदन अनुसार ती जिल्लाहरुमा देहाय अनुसार व्यक्तिगत घटना घटेको देखिन्छ ।

| घटना दर्ता विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| जन्म | ३३८०४९ | ३७९९१७ | ७१७९६६ |
| मृत्यु | ३८०३४ | ६०३०४ | ९८३३८ |
| विवाह | | | १८५४४९ |
| सम्बन्धविच्छेद- जम्मा | | | ३३८ |
| वसाइसराई दर्ता सङ्ख्या– कुल जम्मा | | | ८६१०४ |
| वसाइसरी गएको संख्या– जम्मा | | | १४०४५८ |
| वसाईसरी आएको संख्या– जम्मा | | | १७६६२३ |
| कूल जम्मा घटना दर्ता संख्या – | | | १०८८१९५ |

जिल्लाबाट प्राप्त विवरणको आधारमा कूल घटना दर्तामा जन्म दर्ताको स्थान उच्च रहेको छ भने त्यसपछि क्रमशः विवाह, मृत्यु, वसाईसराई र सम्बन्ध विच्छेदको  रहेको छ। कूल घटना दर्तामा जन्म दर्ताले ६५.९८ प्रतिशत, विवाहले १७.०४ प्रतिशत, मृत्युले ९.०३ प्रतिशत र वसाईसराइको दर्ता ७.९१ प्रतिशत रहेको  छ।

## २.३ विकास क्षेत्र अनुसार व्यक्तिगत घटना दर्ताको अवस्थाः

वि.सं. २०६७ सालमा दर्ता भएका कूल घटनाहरको आधारमा पूर्वाञ्चल विकास क्षेत्रमा २५.६५ प्रतिशत, मध्यमाञ्चलमा २७.२४ प्रतिशत, पश्चिमाञ्चालमा २०.१९ प्रतिशत मध्य पश्चिमाञ्चलमा १५.७६ प्रतिशत र सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा ११.१६ प्रतिशत घटना दर्ता भएका  छन्। जनसंख्या बढी भएको मध्यमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी र कम जनसंख्या भएको सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा संख्यात्मक हिसावले सबै भन्दा कम घटना दर्ता भएको पाईन्छ।

संख्यात्मक रुपमा जन्म दर्ता सबैभन्दा बढी मध्यमाञ्चल विकास क्षेत्रमा १९६००७, र त्यसपछि क्रमशः पूर्वाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा दर्ता भएको पाईन्छ। यसै गरि मृत्यु, विवाह र सम्बन्ध विच्छेदको घट्ना सवैभन्दा बढी मध्यमाञ्चलमा र बसाई सराईको घट्ना पूर्वाञ्चल विकास क्षेत्रमा दर्ता भएको देखिन्छ।



## विकास क्षेत्रअनुसार दर्ताको विवरण

| विकास क्षेत्रको नाम | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाईसराई | | | | सम्बन्ध विच्छेद | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाइसराइको संख्या | | | |
| पूर्वाञ्चल | ८२१०२ | ९३३९० | १७५४९२ | १०१३५ | १६३५० | २६४८५ | ५००२१ | २७०७२ | ४७१४९ | ५११५८ | ९८३०७ | १०७ | २७९१७७ | |
| मध्यमाञ्चल | ९१९८३ | १०४०२४ | १९६००७ | ११२५० | १६९८७ | २८२३७ | ५४११० | १७९६७ | २४४३० | ३६८९९ | ६१३२९ | १२० | २९६४४१ | |
| पश्चिमाञ्चल | ६५८७४ | ७२६४३ | १३८५१७ | ९७९१ | १३६३७ | २३४२८ | ४३५१३ | १४२१६ | २६०३० | २९७४२ | ५५९९३ | ८१ | २१९७५५ | |
| मध्य पश्चिमाञ्चल | ५६९४५ | ६३२८४ | १२०२२९ | ४१४४ | ७७७८ | ११९२२ | २१३८१ | १७९५३ | २६७५३ | ३४८८३ | ६१९०८ | २७ | १७१५१२ | |
| सुदुर पश्चिमाञ्चल | ४११४५ | ४६५७६ | ८७७२१ | २७१४ | ५५५२ | ८२६६ | १६४२४ | ८८९६ | १६०९६ | २३९४१ | ४००३७ | ३ | १२१३१० | |
| **जम्मा** | **३३८०४९** | **३७९९१७** | **७१७९६६** | **३८०३४** | **६०३०४** | **९८३३८** | **१८५४४९** | **८६१०४** | **१४०४५८** | **१७६६२३** | **३१७५७४** | **३३८** | **१०८८१९५** | |

## २.४ भौगोलिक क्षेत्र अनुसार वि.सं. २०६७ को व्यक्तिगत घटना दर्ता अवस्था :

वि.सं. २०६७ सालमा दर्ता भएका कूल १०८८१९५ व्यक्तिगत घटना दर्तालाई भौगोलिक क्षेत्रको आधारमा हिमाली क्षेत्रमा ५.८१ प्रतिशत, पहाडी क्षेत्रमा ३८.०२ प्रतिशत र तराई क्षेत्रमा ५६.१७ प्रतिशत दर्ता भएका छन् । यसरी कूल घटना दर्तामा तराईका २० जिल्लाले करिब ५७ प्रतिशत आगटेका छन् भने ५५ जिल्लाले ४३.८३ प्रतिशत ओगटेका छन् । कूल जन्म दर्तामा ४०३३४८ जन्म दर्ता तराई क्षेत्रमा मात्रै भएको पाईन्छ । यसैगरी अन्य घटना पनि तराई क्षेत्रमा बढी दर्ता भएको पाइन्छ ।



# भौगोलिक क्षेत्र अनुसार घटना दर्ता विवरण

| भौगोलिक क्षेत्रको नाम | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाईसराई | | | | सम्बन्ध विच्छेद | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाइसराइको संख्या | | | |
| हिमाली क्षेत्र | २२७०५ | २४५७४ | ४७२७९ | २०४८ | ३२९६ | ५३४४ | ८२०० | २४९३ | ७५८३ | १४९८ | ९०८१ | १ | ६३३१७ | |
| पहाडी क्षेत्र | १२६११२ | १४१२२७ | २६७३३९ | १६६८६ | २५१४५ | ४१८३१ | ८०१५९ | २४२५९ | ४७१५६ | ४२७८२ | ९०४८२ | १३० | ४१३७१८ | |
| तराई क्षेत्र | १८९२३२ | २१४११६ | ४०३३४८ | १९३०० | ३१८६३ | ५११६३ | ९७०९० | ५९३५२ | ८५७१९ | १३२३४३ | २१८०११ | २०७ | ६१११६० | |
| **जम्मा** | **३३८०४९** | **३७९९१७** | **७१७९६६** | **३८०३४** | **६०३०४** | **९८३३८** | **१८५४४९** | **८६१०४** | **१४०४५८** | **१७६६२३** | **३१७५७४** | **३३८** | **१०८८१९५** | |

## २.५ लैंगिकताको आधारमा जन्म र मृत्युको वि.सं.२०६७ को घटना दर्ता अवस्था

वि.सं.२०६७ सालमा दर्ता भएका कूल घटना मध्ये जन्म र मृत्युको दर्ता मात्रै ७५.०१ प्रतिशत रहेको छ । लैंगिकताको हिसाबले हेर्दा दर्ता गरिएका कूल जन्म दर्ता मध्ये वालकको दर्ता ५२.९१ प्रतिशत रहेको छ । जन्म दर्तामा वालकको संख्या वालिकाको भन्दा बढी रहेको पाइन्छ भने कूल मृत्यु दर्ता संख्यामा महिलाको दर्ता ३८.६७ प्रतिशत मात्र रहेको देखिन्छ । यसले के देखाउँछ भने महिलाको मृत्यु स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तिनको मात्र गर्ने गरिन्छ जसको मृत्यु दर्ता प्रमाणपत्रको आधारमा अन्य प्रशासनिक, सरकारी कार्य गर्न आवश्यक हुन्छ ।

# भाग–३

# वि.सं. २०६८ को व्यक्तिगत घटना दर्ताको अवस्था

वि.स. २०६८ सालमा विभिन्न जिल्लाहरुबाट प्राप्त व्यक्तिगत घटना दर्ता सङ्ख्याको विवरण अनुसार वि.स. २०६६ सालमा भन्दा सङ्ख्यात्मक रुपमा घटना दर्ताको मात्रामा कमी आएको देखिन्छ । वि.स.२०६८ मा ६७ जिल्लावाट मात्र वार्षिक विवरण प्राप्त भएको हुदाँ वाँकी ८ जिल्लाको विवरण यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन ।

### ३.१ वि.सं. २०६८ सालको वार्षिक विवरण प्राप्त नभएका जिल्लाहरु

वि.सं. २०६८ सालमा ६७ जिल्लावाट वार्षिक प्रतिवेदन प्राप्त हुनसकेका छन् । यस सालको वार्षिक प्रतिवेदन प्राप्त हुन नसकेको जिल्लाहरु निम्न अनुसार रहेका छन् ।

१.महोत्तरी २. मनाङ्ग ३. रुकुम ४. डोल्पा ५. मुगु ६. सल्यान ७. अछाम ८. बझाङ

### ३.२ वि.सं.२०६८ सालको कूल घटना दर्ता स्थिति

वि.सं.२०६८ सालमा वार्षिक विवरण प्राप्त भएका ६७ जिल्लाको स्थानीय पञ्जिकाधिकारीको कार्यालयवाट प्राप्त विवरण अनुसार देहाय अनुसार घटना दर्ता भएको देखिन्छ ।

| घटना दर्ता विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| जन्म | २६२७२८ | ३०२४८३ | ५६५२११ |
| मृत्यु | ३३७१२ | ७७६३८ | १११३५० |
| विवाह | | | १७१२३५ |
| सम्बन्धविच्छेद- जम्मा | | | ३९५ |
| वसाइसराई दर्ता सङ्ख्या– कुल जम्मा | | | ८६४७१ |
| वसाइसरी गएको संख्या– जम्मा | | | १४३५१२ |
| वसाईसरी आएको संख्या– जम्मा | | | १६७०३२ |
| कूल जम्मा घटना दर्ता संख्या – | | | ९३४६६२ |

जिल्लाबाट प्राप्त विवरणको आधारमा कूल घटना दर्तामा जन्म दर्ताको स्थान उच्च रहेको छ भने त्यसपछि क्रमशः विवाह, मृत्यु, वसाईसराई र सम्बन्ध विच्छेदको रहेको छ। कूल घटना दर्तामा जन्म दर्ताले ६०.४७ प्रतिशत, विवाहले १८.३२ प्रतिशत, मृत्युले ११.९१ प्रतिशत र वसाईसराइको दर्ता ९.२५ प्रतिशत रहेको छ।

### ३.३ विकास क्षेत्र अनुसार व्यक्तिगत घटना दर्ताको अवस्थाः

वि.सं. २०६८ सालमा दर्ता भएका कूल घटनाहरको आधारमा पूर्वाञ्चल विकास क्षेत्रमा २९.८७ प्रतिशत, मध्यमाञ्चलमा २२.७६ प्रतिशत, पश्चिमाञ्चालमा १८.३७ प्रतिशत मध्य पश्चिमाञ्चलमा १७.५८ प्रतिशत र सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा ११.४२ प्रतिशत घटना दर्ता भएका छन्। पूर्वाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी र सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा संख्यात्मक हिसवले सबै भन्दा कम घटना दर्ता भएको पाईन्छ।

संख्यात्मक रुपमा जन्म दर्ता सबैभन्दा बढी पूर्वाञ्चल विकास क्षेत्रमा १७५६३२, र त्यसपछि कमशः मध्यमाञ्चल, मध्यपश्चिमाञ्चल, पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा दर्ता भएको पाईन्छ। यसै गरि मृर्त्युको घटना मध्यमाञ्चल, विवाह र बसाई सराईको घटना पूर्वाञ्चल र सम्बन्ध विच्छेदको घट्ना पश्चिमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी दर्ता भएको देखिन्छ।



# विकास क्षेत्रअनुसार दर्ताको विवरण

| विकास क्षेत्रको नाम | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाईसराई | | | | सम्बन्ध विच्छेद | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाइसराइको संख्या | | | |
| पूर्वाञ्चल | ८२१०२ | ९३३९० | १७५४९२ | १०१३५ | १६३५० | २६४८५ | ५००२१ | २७०७२ | ४७१४९ | ५११५८ | ९८३०७ | १०७ | २७९१७७ | |
| मध्यमाञ्चल | ६०४९५ | ७००६७ | १३०५६२ | ८६६५ | १९४७५ | २८१४० | ४०१६५ | १३७१४ | १६७२० | २५९५७ | ४२६५३ | ११४ | २१२६९५ | |
| पश्चिमाञ्चल | ४५४६८ | ५३३३३ | ९८८०१ | ७२०० | १६१०७ | २३३०७ | ३६९५२ | १२५४८ | २२१६८ | २२३३४ | ४५१३७ | १३६ | १७१७४४ | |
| मध्य पश्चिमाञ्चल | ४६७९२ | ५२५०० | ९९२९२ | ४८४७ | १३७९६ | १८६४३ | २७३३९ | १९०४१ | ३३६१८ | ३४७०४ | ६८४०४ | ३७ | १६४३५२ | |
| सूदुर पश्चिमाञ्चल | २७८७१ | ३३१९३ | ६१०६४ | २८६५ | ११९१० | १४७७५ | १६७५८ | १४०९६ | २३८५७ | ३२८७९ | ५६७०६ | १ | १०६६९४ | |
| **जम्मा** | **२६२७२८** | **३०२४८३** | **५६५२११** | **३३७१२** | **७७६३८** | **१११३५०** | **१७१२३५** | **८६४७१** | **१४३५१२** | **१६७०३२** | **३११२०७** | **३९५** | **९३४६६२** | |

**३.४ भौगोलिक क्षेत्र अनुसार वि.सं. २०६८ को व्यक्तिगत घटना दर्ता अवस्था :**

वि.सं. २०६८ सालमा दर्ता भएका कूल ९३४६६२ व्यक्तिगत घटना दर्तालाई भौगोलिक क्षेत्रको आधारमा हिमाली क्षेत्रमा ५.८७ प्रतिशत, पहाडी क्षेत्रमा ३७.६५ प्रतिशत र तराई क्षेत्रमा ५६.४८ प्रतिशत दर्ता भएका छन् । यसरी कूल घटना दर्तामा तराईका २० जिल्लाले करिब ५७ प्रतिशत आगटेका छन् भने ५५ जिल्लाले ४३.५२ प्रतिशत ओगटेका छन् । कूल जन्म दर्तामा ३२०१५४ जन्म दर्ता तराई क्षेत्रमा मात्रै भएको पाईन्छ । यसैगरी अन्य घटना पनि तराई क्षेत्रमा वढि दर्ता भएको पाईन्छ ।

# भौगोलिक क्षेत्र अनुसार घटना दर्ता विवरण

| ौगोलिक त्रको नाम | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाईसराई | | | | सम्बन्ध विच्छेद | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाइसराइको संख्या | | | |
| ाली क्षेत्र | १६७१५ | १८८९४ | ३५६०९ | २०९१ | ५६९९ | ७७९० | ९०१० | २४८८ | ६९७५ | १६९२ | ९१०३ | ८ | ५४९०५ | |
| डी क्षेत्र | ९७४८६ | १११९६२ | २०९४४८ | १४९९५ | ३४६१९ | ४९६१४ | ६८५७३ | २४१५६ | ५१५४१ | ३४६८२ | ८६८६१ | १९५ | ३५१९८६ | |
| ाई क्षेत्र | १४८५२७ | १७१६२७ | ३२०१५४ | १६६२६ | ३७३२० | ५३९४६ | ९३६५२ | ५९८२७ | ८४९९६ | १३०६५८ | २१५२४३ | १९२ | ५२७७७१ | |
| **मा** | **२६२७२८** | **३०२४८३** | **५६५२११** | **३३७१२** | **७७६३८** | **१११३५०** | **१७१२३५** | **८६४७१** | **१४३५१२** | **१६७०३२** | **३११२०७** | **३९५** | **९३४६६२** | |



### ३.५ लैंगिकताको आधारमा जन्म र मृत्युको वि.सं.२०६८ को घटना दर्ता अवस्था

वि.सं.२०६८ सालमा दर्ता भएका कूल घटना मध्ये जन्म र मृत्युको दर्ता मात्रै ७२.३८ प्रतिशत रहेको छ । लैंगिकताको हिसाबले हेर्दा दर्ता गरिएका कूल जन्म दर्ता मध्ये वालकको दर्ता ५३.५१ प्रतिशत रहेको छ । जन्म दर्तामा वालकको संख्या वालिकाको भन्दा बढी रहेको पाइन्छ भने कूल मृत्यु दर्ता संख्यामा महिलाको दर्ता ३०.२७ प्रतिशत मात्र रहेको देखिन्छ ।

# भाग–४

# वि.सं.२०६९ सालको कूल घटना दर्ता स्थिति

वि.स. २०६९ सालमा विभिन्न जिल्लाहरुबाट प्राप्त व्यक्तिगत घटना दर्ता सङ्ख्याको विवरण अनुसार वि.स. २०६६ सालमा भन्दा सङ्ख्यात्मक रुपमा घटना दर्ताको मात्रामा वृद्धि भएको देखिन्छ । वि.स.२०६७ मा ६६ जिल्लावाट मात्र वार्षिक विवरण प्राप्त भएको हुदाँ वाँकी ९ जिल्लाको विवरण यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन ।

### ४.१ वि.सं. २०६८ सालको वार्षिक विवरण प्राप्त नभएका जिल्लाहरु

वि.सं. २०६९ सालमा ६३ जिल्लावाट वार्षिक प्रतिवेदन प्राप्त हुनसकेका छन् । यस सालको वार्षिक प्रतिवेदन प्राप्त हुन नसकेको जिल्लाहरु निम्न अनुसार रहेका छन् ।

१) सिन्धुपाल्चोक २) रौतहट ३) गोरखा ४) डोल्पा ५) अर्घाखाँची ६) बाग्लुङ ७) पर्वत ८) बझाङ ९) हुम्ला १०) जाजरकोट ११) बैतडी १२) गुल्मी

### ४.२ वि.सं.२०६८ सालको कूल घटना दर्ता स्थिति

वि.सं.२०६९ सालमा वार्षिक विवरण प्राप्त भएका ६३ जिल्लाको स्थानीय पञ्जिकाधिकारीको कार्यालयवाट प्राप्त विवरण अनुसार देहाय अनुसार घटना दर्ता भएको देखिन्छ ।

| | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| जन्म | ३५५४७३ | ३९६५५१ | ७५२०२४ |
| मृत्यु | ३९३७९ | ६५५४४ | १०४९२३ |
| विवाह | | | १९४२९४ |
| सम्बन्धविच्छेद | | | ५२२ |

वसाइसराई ८१२९८ वसाईसरी गएको संख्या १३२५३५ वसाईसरी आएको १६१८७३ संख्या

कूल घटना दर्ता संख्या ११३३०६१

जिल्लाबाट प्राप्त विवरणको आधारमा कूल घटना दर्तामा जन्म दर्ताको स्थान उच्च रहेको छ भने त्यसपछि क्रमशः विवाह, मृत्यु, वसाईसराई र सम्बन्ध विच्छेदको रहेको छ। कूल घटना दर्तामा जन्म दर्ताले ६६.३७ प्रतिशत, विवाहले १७.१५ प्रतिशत, मृत्युले ९.२६ प्रतिशत र वसाईसराइको दर्ता ७.१७ प्रतिशत रहेको छ।

## ४.३ विकास क्षेत्र अनुसार व्यक्तिगत घटना दर्ताको अवस्थाः

वि.सं. २०६९ सालमा दार्त भएका कूल घटनाहरको आधारमा पूर्वाञ्चल विकास क्षेत्रमा २४.६४ प्रतिशत, मध्यमाञ्चलमा २८.७५ प्रतिशत, पश्चिमाञ्चालमा १७.९६ प्रतिशत मध्य पश्चिमाञ्चलमा १७.८७ प्रतिशत र सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा १०.७७ प्रतिशत घटना दर्ता भएका छन्। जनसंख्या बढी भएको मध्यमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी र कम जनसंख्या भएको सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा संख्यात्मक हिसवले सबै भन्दा कम घटना दर्ता भएको पाईन्छ।

संख्यात्मक रुपमा जन्म दर्ता सबैभन्दा बढी मध्यमाञ्चल विकास क्षेत्रमा २२१३२५, र त्यसपछि कमशः पूर्वाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा दर्ता भएको पाईन्छ। यसै गरि मृत्यु, विवाह र सम्बन्ध विच्छेदको घट्ना सवैभन्दा बढी मध्यमाञ्चलमा र बसाई सराईको घट्ना पूर्वाञ्चल विकार क्षेत्रमा दर्ता भएको देखिन्छ।



# विकास क्षेत्रअनुसार दर्ताको विवरण

| विकास क्षेत्रको नाम | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाईसराई | | | | सम्बन्ध विच्छेद | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाइसराइको संख्या | | | |
| पूर्वाञ्चल | ८२१०२ | ९३३९० | १७५४९२ | १०१३५ | १६३५० | २६४८५ | ५००२१ | २७०७२ | ४७१४९ | ५११५८ | ९८३०७ | १०७ | २७९१७७ | |
| मध्यमाञ्चल | १०४५०८ | ११६८१७ | २२१३२५ | १२८११ | १८५७३ | ३१३८४ | ५५०१२ | १७८८६ | १९०६७ | ३८४०५ | ५७४१७ | १५४ | ३२५७६१ | |
| पश्चिमाञ्चल | ६१०९१ | ६७४८५ | १२८५७६ | ८३७० | १२५३१ | २०९०१ | ४१४०७ | १२४६६ | १९६७९ | २७६०१ | ४७२०९ | १९० | २०३५४० | |
| मध्य पश्चिमाञ्चल | ६९३३३ | ७५८५३ | १४५१८६ | ५३३९ | ९५३४ | १४८७३ | २९९५७ | १२४४६ | २५३८४ | २४५३८ | ४९९२२ | ६५ | २०२५२७ | |
| सूदुर पश्चिमाञ्चल | ३८४३९ | ४३००६ | ८१४४५ | २७२४ | ८५५६ | ११२८० | १७८९७ | ११४२८ | २१२५६ | २०१७१ | ४१४०४ | ६ | १२२०५६ | |
| **जम्मा** | **३५५४७३** | **३९६५५१** | **७५२०२४** | **३९३७९** | **६५५४४** | **१०४९२३** | **१९४२९४** | **८१२९८** | **१३२५३५** | **१६१८७३** | **२९४२५९** | **५२२** | **११३३०६१** | |

### ४.४ भौगोलिक क्षेत्र अनुसार वि.सं. २०६९ को व्यक्तिगत घटना दर्ता अवस्था :

वि.सं. २०६९ सालमा दर्ता भएका कूल ११३३०६१ व्यक्तिगत घटना दर्तालाई भौगोलिक क्षेत्रको आधारमा हिमाली क्षेत्रमा ५.६२ प्रतिशत, पहाडी क्षेत्रमा ४१.५२ प्रतिशत र तराई क्षेत्रमा ५२.८६ प्रतिशत दर्ता भएका छन् । यसरी कूल घटना दर्तामा तराईका २० जिल्लाले करिब ५३ प्रतिशत आगटेका छन् भने ५५ जिल्लाले ४७.१४ प्रतिशत ओगटेका छन् । कूल जन्म दर्तामा ३८७०८१ जन्म दर्ता तराई क्षेत्रमा मात्रै भएको पाईन्छ । यसैगरी अन्य घटना पनि तराई क्षेत्रमा वढि दर्ता भएको पाईन्छ




।

# भौगोलिक क्षेत्र अनुसार घटना दर्ता विवरण

| भौगोलिक क्षेत्रको नाम | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाईसराई | | | | सम्बन्ध विच्छेद | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाइसराइको संख्या | | | |
| हिमाली क्षेत्र | २३३८७ | २४२७६ | ४७६६३ | २२०९ | ३०५४ | ५२६३ | ८१०७ | २६३७ | ६९८८ | १६२२ | ८५८७ | ५ | ६३६७५ | |
| पहाडी क्षेत्र | १५१५३७ | १६५७४३ | ३१७२८० | १७००४ | २९०२६ | ४६०३० | ७९४५३ | २७३७२ | ४९५९३ | ४३४०७ | ९२८८७ | २६६ | ४७०४०१ | |
| तराई क्षेत्र | १८०५४९ | २०६५३२ | ३८७०८१ | २०१६६ | ३३४६४ | ५३६३० | १०६७३४ | ५१२८९ | ७५९५४ | ११६८४४ | १९२७८५ | २५१ | ५९८९८५ | |
| **जम्मा** | **३५५४७३** | **३९६५५१** | **७५२०२४** | **३९३७९** | **६५५४४** | **१०४९२३** | **१९४२९४** | **८१२९८** | **१३२५३५** | **१६१८७३** | **२९४२५९** | **५२२** | **११३३०६१** | |

## ४.५ लैंगिकताको आधारमा जन्म र मृत्युको वि.सं.२०६९ को घटना दर्ता अवस्था

वि.सं.२०६९ सालमा दर्ता भएका कूल घटना मध्ये जन्म र मृत्युको दर्ता मात्रै ७५.६३ प्रतिशत रहेको छ । लैंगिकताको हिसाबले हेर्दा दर्ता गरिएका कूल जन्म दर्ता मध्ये बालकको दर्ता ५२.७३ प्रतिशत रहेको छ । जन्म दर्तामा बालकको संख्या बालिकाको भन्दा बढी रहेको पाइन्छ भने कूल मृत्यु दर्ता संख्यामा महिलाको दर्ता ३७.५३ प्रतिशत मात्र रहेको देखिन्छ ।

## ४.६ व्यक्तिगत घटना दर्ताको तथ्यांकिय विश्लेषण

व्यक्तिगत घटना दर्ता सम्बन्धी प्रचार प्रसार, विभिन्न संघ संस्थानहरुले संचालन गर्ने कार्यक्रमा जन्म दर्तालाई पनि समावेश गर्ने प्रारम्भ, विद्यालय भर्ना लगायत वैदेशिक प्रयोजनको हिसावले पनि यसको आवश्यकता महशुश गरिएको कारणवाट घटना दर्तामा गत विगत वर्षहरुको अनुपातमा वृद्धि हुन पुगेको देखिन्छ ।

नेपालमा व्यक्तिगत घटना दर्ता प्रणालीका अभिलेखवाट जनसांख्यिक तथ्यांकको प्रमुख स्रोतको रुपमा रहेको व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) कार्यक्रम संचालन भएको चार दशक पुग्न लाग्दा पर्ि वयस्क हुन सकेको छैन । न प्रशासनिक अभिलेखमा व्यवस्थित हुन सकेको छ, न प्राप्त भएका सूचनाहरुको नै विश्लेषण हुन सकेको छ । यस अवस्थामा व्यक्तिगत घटना दर्ताका अभिलेख तथा प्राप्त सूचनाहरुको विश्लेषण गर्नु भन्नु नै मासिक वार्षिक रुपमा स्थानीय पञ्जिकाधिकारीहरुको कार्यालयवाट दर्ता भएका व्यक्तिगत घटनाहरुको संख्यात्मक विवरणलाई विश्लेषण गर्नु रहेको छ । संख्यात्मक विवरणको विश्लेषणले व्यक्तिगत घटना दर्ताका लागि भरिएका सूचना फाराममा उल्लेख भएका विवरणहरुको विश्लेषण हुन नसकेपनि दर्ता भएका व्यक्तिगत घटनाहरुको विषयमा जानकारी उपलब्ध गराउन सहयोग पुऱ्याउन सक्ने हुन्छन् । यी विवरणहरुले जनसांख्यिक तथा Vital Statistics System का सूचकहरुको सम्बन्धमा कुनै सूचना तत्काल उपलब्ध नगराएतापनि आगामी दिनहरुमा पञ्जीकरण कार्यक्रमको लागि कार्ययोजना तयार गर्नका साथै यसका आगामी कार्यक्रमहरु संचालन गर्नको साथै भावी दिनहरुमा Civil Registration and Vital Statistics System लाई प्रभावकारी रुपमा संचालन गर्नका लागि थोरै भएपनि सूचना उपलब्ध गराउन सहयोग पुऱ्याउने देखिन्छ ।

व्यक्तिगत घटना दर्ता प्राप्त तथ्यांकहरु जनसाख्यिक तथ्यांकको प्रमुख स्रोत हो । घटना दर्ता प्रणाली व्यवस्थित भएका मुलुकहरुमा जनगणनाको माध्यमबाट जनसांख्यिक तथ्यांक लिइरहनु नपर्ने हुन्छ र नियमित वार्षिक रुपमा घटना दर्तावाट नै तथ्यांक अद्यावधिक भइरहेको हुन्छ । स्थानीय निकाय देखि नै जनसांख्यिक तथ्यांक नियमित रुपमा प्राप्त गर्न सकिने भएकोले स्थानीय स्तरका योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका कार्यदेखि क्षेत्रीय तथा राष्ट्रियस्तरको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनमा यसका तथ्यांकहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । तर करिव चार दशक कार्यक्रम संचालन भएको समय व्यतित भइसक्दा पनि यस कार्यक्रमले प्राथमिकता प्राप्त गर्न नसकी यसका सूचनाहरुको विश्लेषण हुन नसकेको अवस्था रहेको छ ।

# भाग–५

## आ.व.२०६७।६८ - २०६९।७० सम्म सम्पन्न भएका कार्यक्रमहरु

आ.व. ०६७।६८ देखि आ.व. २०६९।७० सम्म पञ्जीकरण कार्यक्रम व्यवस्थापन गर्न यसको प्रभावकारिता र सुदृढीकरणको लागि देहाय अनुसारका कार्यक्रम सञ्चालन भएका छन् :

### १) तालिम कार्यक्रम

व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न र कार्यक्रमसँग सम्वन्धित स्थानीय पञ्जिकाधिकारी (गा.वि.स./न.पा.) र जिल्ला विकास समितिको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धमा जानकारी प्रदान गर्ने उद्धेश्यले बाजुरा, रुपन्देही ....................जिल्लामा तालिम कार्यक्रम सञ्चालन गरिएको थियो । प्रशिक्षक र तालिम कार्यक्रमवाट करिव १५० जना कर्मचारीलाई प्रशिक्षण प्रदान गरिएको देखिन्छ ।

### २) Vital Event Registration System को Software निर्माण

व्यक्तिगत घटना दर्ताका अभिलेखहरुलाई स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति) हरुमा सुरक्षित गरि राख्न र आधुनिक सञ्चार प्रविधिको विद्युतिय माध्यमवाट अभिलेख सुरक्षित किसिमले राख्न र सूचना फारामलाई कम्प्यूटरीकृत गरि राख्ने, प्रमाणपत्र कम्प्यूटरको माध्यमवाट प्रिन्ट गरी सेवाग्राहीलाई उपलव्ध गराउने तथा व्यक्तिगत घटना दर्ताको मासिक तथा वार्षिक प्रतिवेदन उपलव्ध गराउन सरल र सहज वनाउन Piloting को रुपमा सञ्चालनमा ल्याइएको Vital Event Registration Software (VERS) लाई कार्यान्वयनमा ल्याउने क्रममा इलाम, मोरङ्ग, सुनसरी, मकवानपुर, काठमाण्डौं, भक्तपुर, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाका केही गाउँ विकास समिति/नगरपालिकाहरुमा Instaliation गरी सेवाग्राहीहरुलाई Software को माध्यमवाट प्रमाणपत्र प्रिन्ट गरी उपलव्ध गराउन प्रारम्भ भैसकेको छ । व्यक्तिगत घटना दर्तासँग सम्वन्धित VERS Software र सामाजिक सुरक्षा कार्यक्रमसँग सम्वन्धित Software लाई एकिकृत गरी निर्माण समेत गरिएको छ । यसले व्यक्तिगत घटना दर्ता कार्यक्रम र सामाजिक सुरक्षा कार्यक्रम विच समन्वय हुनाको साथै यी दुवै कार्यक्रमसँग सम्वन्धित तथ्याकं स्थानीयस्तरवाट प्राप्त गर्न तथा प्रशासनिक अभिलेखलाई व्यवस्थि तगर्न समेत सहयोग पुग्ने देखिन्छ ।

### ३) व्यक्तिगत घटना दर्ता सम्वन्धमा गरिएका परिपत्रहरुको संग्रह प्रकाशन र वितरण :

सथानीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता हुन आउने व्यक्तिगत घटना दर्ता सम्वन्धमा विद्यमान जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन र नियमावलीमा स्पष्ट उल्लेख हुन

नसकी सथानीय पञ्जीकाधिकारीलाई व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धमा विभिन्न समस्याहरु उत्पन्न हुने गर्दछन् । यस अवस्थामा व्यक्तिगत घटना दर्ता गर्नको लागि यस मन्त्रालयवाट समय समयमा परिपत्रको माध्यमवाट व्यक्तिगत घटना दर्ता गर्न स्थानीय पञ्जिकाधिकारीलाई निर्देशन दिइएको पाइन्छ । व्यक्तिगत घटना दर्ता गर्ने प्रयोजनको लागि दिइएका निर्देशनहरुको संगालो २०६७ प्रकाशन सवै गाउँ विकास समिति, नगरपालिकाको कार्यालय र जिल्ला विकास समितिको कार्यालयमा उपलब्ध गराइएको छ ।

## ४) स्थानीय पञ्जिकाधिकारी सम्वन्धी व्यवस्था

जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ ले गाउँ विकास समिति र नगरपालिकाहरुमा व्यक्तिगत घटना दर्ता गर्ने कार्यको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी स्थानीय पञ्जिकाधिकारी तोक्न सक्ने व्यवस्था गरेको छ । यस सन्दर्भमा नगरपालिकामा स्थानीय पञ्जिकाधिकारी तोकिएको र नगरपालिकाको वडास्तरसम्म प्रशासनिक कार्य गर्ने वडास्तरका कार्यालयहरु रहेको सन्दर्भमा वडावाट नै व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था गर्न उपयूक्त हुने र नागरिकहरुलाई वडास्तरवाट नै व्यक्तिगत घटना दर्ता गर्न सहज हुनाको साथै समयमै दर्ता गर्न समेत उत्प्रेरित हुन सक्ने महशुस गरी नेपाल सरकारले मिति २०६७।४।२४ को नेपाल राजपत्रमा सूचना प्रकाशित नगरपालिकाको वडास्तरमा समेत स्थानीय पञ्जिकाधिकारीको व्यवस्था गरेको छ । नेपाल सरकारले गाउँ विकास समिति र नगरपालिकामा व्यक्तिगत घटना दर्ता गर्न गरिएको स्थानीय पञ्जिकाधिकारी सम्वन्धी व्यवस्था देहाय अनुसार रहेको छ :

क) महानगरपालिका, उपमहानगरपालिका र काठमाण्डौं उपत्यका भित्रका नगरपालिकाको हकमा सम्वन्धित महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको वडा सचिव

ख) काठमाण्डौं उपत्यका वाहेक अनय नगरपालिकाको हकमा सम्वन्धित नगरपालिकाको वडा सचिव वा वडा सचिव नभएको अवस्थामा पञ्जिकाधिकारी (रजिष्ट्रार) को सहमतिमा नगपालिकाको सचिवले तोकेको स्थानीय निकायको कर्मचारी

ग) गाउँ विकास समितिको हकमा सम्वन्धित गाउँ विकास समितिको सचिव र गाउँ विकास समितिको नभएको गाउँ विकास समितिमा पञ्जिकाधिकारी (रजिष्ट्रार) ले तोकिदिएको स्थानीय निकायको कर्मचारी

## ५) स्टेरिङ्ग कमिटी र सम्वन्ध समितिको गठन सम्वन्धी व्यवस्था :

व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न मन्त्रालय, निकाय तथा संघ संस्थाहरुविच समन्वय गर्न व्यक्तिगत घटना दर्ता कार्यक्रम सञ्चालन गर्दा अन्तर निकाय विच देखिएका समस्या समाधान गर्ने उद्धेश्यले केन्द्रमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा देहायका पदाधिकारी रहने स्टेरिङ्ग कमिटीको गठन गरिएको छ । साथै स्वायत्त शासन समन्वय महाशाखा प्रमूखको अध्यक्षतामा समन्वय समिति, जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखाका शाखा प्रमूखको संयोजकत्वमा प्राविधिक समिति र जिल्लास्तरमा स्थानीय विकास अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समिति गठन गरिएको छ ।

## ६) कानूनी पहिचान सम्वन्धी कार्यक्रम

जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना दर्ताको कानुनी महत्वलाई ध्यानमा राखि यसलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि एशियाली विकास बैंकको अनुदान सहयोगमा Capacity Building for the

Promotion of Legal Identity among the poor in Nepal कार्यक्रम इलाम, झापा, काठमाडौं, ललितपुर, भक्तपुर, मुस्ताङ्ग, पाल्पा, रुपन्देही दाङ्ग र कैलाली गरी १० जिल्लामा सञ्चालनको क्रममा रहेको छ । नागरिकहरुलाई व्यक्तिगत घटना दर्ता गर्न उत्प्रेरित गर्नाको साथै विद्यमान जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना दर्तासँग सम्वन्धित निकायको सवलीकरण र सुदृढीकरण गर्ने उद्धेश्यले यस कार्यक्रमको शुरुवात भएको छ । सन् २०१४ को जुन सम्म सञ्चालन गरिने यस कार्यक्रमवाट हालसम्म देहायका कार्यहरु भईआएका छन् :

(क) कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न Project Co-ordinator को करारमा नियूक्ति ।

(ख) व्यक्तिगत घटना दर्ता सम्वन्धी विद्यमान ऐन, नियमावली संशोधन गर्ने अभिप्रायले मस्यौदा तयार गर्न कानूनी परामर्शदाताको करारमा व्यवस्था

(ग) व्यक्तिगत घटना दर्ताको लागि संगठनात्मक संरचनाको अध्ययन गरी प्रतिवेदन तयार गर्न Organization Audit को लागि परामर्शदाता करारमा व्यवस्था

(घ) व्यक्तिगत घटना दर्ताको प्रभावकारिता अध्ययनको क्रममा झापाको विर्तामोड, रुपन्देहीको भैरहवा र कैलालीको धनगढीमा सम्वन्धित क्षेत्रका जिल्ला विकास समितिको कार्यालय, नगरपालिकाको कार्यालय र गाउँ विकास समितिको कार्यालयका प्रतिनिधिहरु समावेश गरी ३ दिने Regional Consultative Workshop प्रत्येक क्षेत्रमा सञ्चालन गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा University of Queensland, Australia वाट तयार भई UN र WHO वाट तयार गरिएको Comprehensive Assesment र Rapid Assesment को माध्यमवाट व्यक्तिगत घटना दर्ताका प्रभावकारिता र यसमा देखिएका समसया र सुधारहरुको विषयमा विस्तृत रुपमा छलफल गरिएको थियो । उक्त कार्यशाला गोष्ठीवाट प्राप्त हुन आएका मूख्य-मूख्य समस्या सुझावहरुलाई देहायमा प्रस्तुत गरिएको छ :

- व्यक्तिगत घटना दर्ता गर्ने विगत ३५-३६ वर्षदेखि कार्यान्वयनमा आएतापनि नागरिकमा आवश्यकता परेको समयमा मात्र दर्ता गर्ने प्रवृत्ति रहेको
- व्यक्तिगत घटना दर्ताका प्रमाणपत्रहरुलाई सेवाग्राहीले अन्य सरकारी सेवा प्राप्त गर्दा अनिवार्य रुपमा प्रस्तुत गर्ने प्रावधान हुन नसक्दा दर्ता प्रभावकारी हुन नसकेको ।
- अन्य निकायहरुको स्थानीय पञ्जिकाधिकारीको कार्यालयसँग समन्वय हुन नसकेको कारण व्यक्तिगत घटना दर्ता सम्वन्धी अभिलेखमा एकरुपता हुन नसकेको ।
- प्राकृतिक मृत्यूलाई सूचक वाहेक अनय कुनै व्यक्तिवाट प्रमाणित  भएको हुनुपर्ने ।
- व्यक्तिगत घटना दर्ता गर्ने स्थानीय निकायको सुदृढीकरण हुनुपर्ने ।
- स्थानीय पञ्जिकाधिकारीहरु केहीले मात्र प्रशिक्षण प्राप्त गरेको हुनाले सवैलाई प्रशिक्षण नियमित रुपमा उपलव्ध गराउनु पर्ने ।
- अन्तर निकाय समन्वयको कमी भएको हुनाले समन्वय कायम हुनुपर्ने र केन्द्रस्तर र स्थानीय स्तर दुवैमा ।
- व्यक्तिगत घटना दर्ता सम्वन्धी कामको कुनै निकायवाट मूल्याकंन हुन नसकेको तथा यसका अभिलेखहरुको विश्लेषण गर्न नसकिएको हुँदा यसको सूचनाहरुको विश्लेषण गरिनुपर्ने ।
- व्यक्तिगत घटना दर्ताको कार्यक्रमले केन्द्रदेखि स्थानीयस्तर सम्म प्राथमिकता प्राप्त गर्न नसकेको, जवकी यसको प्रशासनिक, जनसांखियक सामाजिक अभिलेख तथा तथ्यार्कमा महत्वपुर्ण भूमिका रहेको छ ।

- व्यक्तिगत घटना दर्ताका ऐन, नियमावली लामो समयावधीसम्म संशोधन हुन नसकेको हुँदा समसामयिक रुपमा चाँडो भन्दा चाँडो संशोधन गरिनुपर्ने ।
- कार्यवोझको कारणले गा.वि.स. सचिवले (स्थानीय पञ्जिकाधिकारी) ले व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्राथमिकतामा राख्न नसकेको ।

Rapid Assisment Score Rating अनुसार उक्त ३ स्थानमा कानूनी संरचना, संगठन संरचना, स्रोत, जन्म, मृत्यूको तथ्याकं भण्डारण, प्रगति प्रतिवेदन, कोडरको योग्यता, तालिम, तथ्याकंको पहुँच आदिको समष्टिगत मूल्याकंनको आधारमा औसतमा २९.३ % अंक प्राप्त गरेको देखिन्छ । यसले के दर्शाउँछ भने Civil Registration System को सम्पुर्ण प्रणालीमा सुधारको आवश्यकता रहेको छ ।

### ७) वालकूपोषण न्यूनिकरण कार्यक्रम

एशियाली विकास वैंकको अनुदान सहयोगमा कर्णाली अञ्चलको ५ जिल्लामा सञ्चालित वाल कूपोषण न्यूनिकरण कार्यक्रम ५ वर्षमूनिका वालवालिकालाई वाल संरक्षण अनुदान उपलव्ध गराउनको लागि, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रमसँग समन्वय गरि सञ्चालन गर्ने उद्धेश्यले कार्यान्वयनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत कर्णाली अञ्चलका ५ जिल्लामा कम्प्यूटरिकृत अभिलेख व्यवस्थापन, व्यक्तिगत घटना दर्तालाई प्रभावकारी वनाउन जन्म दर्ता लगायत अन्य घटनालाई स्थानीय निकायमा दर्ता गर्न उत्प्रेरित गर्ने लगायतका कार्यक्रम रहेका छन् ।

### ८) व्यक्तिगत घटना दर्ताका सूचना फाराम र प्रमाणपत्र संशोधन

जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र नियमावली २०३४ मा व्यवस्था भए अनुसार व्यक्तिगत घटना दर्ता गर्नको लागि प्रयोग गरिने सूचना फाराम र प्रमाणपत्रहरुको परिमार्जन गरिएको छ । व्यक्तिगत घटना दर्ताका ५ वटा सूचना फाराम र प्रमाणपत्रहरु अंग्रेजी भाषामा समेत सेवाग्राहीलाई उपलव्ध गराउन नेपाल सरकारले मिति २०६९।१०।१५ को राजपत्रमा सूचना प्रकाशित गरेको छ । व्यक्तिगत घटना दर्ताका प्रमाणपत्रहरुमा गरिएको यस संशोधनले सर्वसाधारण नागरिकलाई वैदेशिक प्रयोजनको लागि यी प्रमाणपत्रहरु अंग्रेजी भाषामा रुपान्तरण गर्नको लागि पर्ने कठिनाईवाट सहजता महशुस हुन पुग्ने देखिएको छ ।

### ९) व्यक्तिगत घटना दर्ता गर्न स्थानीय पञ्जिकाधिकारीहरुलाई दिइएको निर्देशन, परिपत्र :

व्यक्तिगत घटना गर्नको लागि विद्यमान जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र सो सम्बन्धी नियमावलीले व्यवस्था गरेका कुराहरुले कतिपय व्यक्तिगत घटना दर्ता गर्नको लागि स्थानीय पञ्जिकारीलाई स्पष्ट निर्देशन हुन नसकेको अवस्था रहेको र सर्वसाधारण नागरिकलाई समेत व्यक्तिगत घटना दर्ता गर्न नसकेको अवस्थामा त्यस किसिमका वाधा अड्काउ फुकाउन र स्थानीय पञ्जिकाधिकारीलाई त्यस्ता व्यक्तिगत घटना दर्ता गर्न सकिने वा नसकिने विषयमा निर्देशन दिईदै आइएको छ । जसले गर्दा स्थानीय पञ्जिकाधिकारीलाई व्यक्तिगत घटना दर्ता गर्नको लागि सहज हुने गरेको छ । यस सन्दर्भमा आ.व. २०६७।६८ देखि २०६९।७० सम्म मूख्यतः देहायका विषयमा व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धमा निर्देशन उपलव्ध गराई आइएको छ :

१) विदेशमा नेपाली आमावाट जन्मेको तर वावुको पत्ता नलागेको वच्चाको जन्म दर्ता गर्ने सम्वन्धमा

२) धर्मपुत्र/धर्मपुत्रीको जन्म दर्ता गर्ने सम्वन्धमा

३) वि.सं. २०६३ सालमा जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिकका सन्तानको जन्म दर्ता गर्ने सम्वन्धमा

४) शैक्षिक प्रमाणपत्रमा जन्म मिति सच्याउने सम्वन्धमा

५) वावु आमा नभएका व्यक्तिको पालनपोषण गर्ने व्यक्ति सूचक वन्ने सम्वन्धमा

६) विवाहित छोरीले पनि मृत्यू दर्ताको सूचना दिन सक्ने सम्वन्धमा

७) मृत्यूदर्ता प्रमाणपत्रमा स्थानीय निकायमा पदाधिकारी सूचक वसिदिंदा ल्याप्चे छाप सहिछाप गर्ने सम्वन्धमा ।

८) प्रमाणपत्रको आधिकारिता र विवरण सच्याउने सम्वन्धमा गरिएको व्यवस्था

९) जन्मको सूचना फारामको धर्म सम्वन्धी महलमा गरिएको संशोधन सम्वन्धी व्यवस्था

१०) सुकुम्वासी परिवार र ऐलानी जग्गामा वसोवास गर्ने व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धमा

११) कनसुलर प्रमाणीकरणको लागि गरिएको व्यवस्था

१२) निवृत्तिभरण प्रयोजनको लागि मृत्यूको घटना दर्ता गर्ने सम्वन्धमा भएको व्यवस्था

१३) जनसंख्या तथा पञ्जिकरण शाखाका शाखा प्रमूखलाई पञ्जिकाधिकारी तोकिएको सम्वन्धी व्यवस्था

१४) अविवाहित प्रमाणिकरण सम्वन्धमा

यसरी कम जनशक्ति, न्यून वजेट भएता पनि व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि कमै कार्यक्रम संचालन गरिएतापनि यी कार्यक्रमहरुले व्यक्तिगत घटना दर्ता गर्नको लागि स्थानीय पञ्जिकाधिकारी, स्थानीय निकाय तथा सर्वसाधारण नागरिकहरुलाई सहज र सरल हुने विश्वास लिइएको छ ।

## भाग चार

# पञ्जिकरण प्रणालीमा देखिएका प्रमुख समस्याहरु

पञ्जिकरण (व्यक्तिगत घटना दर्ता) प्रणाली (Vital Registration System) राज्यको प्रशासनिक अभिलेखलाई व्यवस्थित गर्न, नागरिकलाई कानूनी संरक्षण प्रदान गर्न र जनसांख्यिक तथा राज्यको प्रशासनिक तथ्याकंलाई भरपर्दो, नियमित, समयवद्ध किसिमले उत्पादन गर्ने प्रमूख प्रणालीको रुपमा रहेको छ । मुलुकका नागरिकहरुले राज्यलाई सूचना उपलव्ध गराउनुपर्ने र उक्त सूचनाका आधारमा

राज्यले व्यक्तिका जीवनमा घटेका घटनाहरुलाई पञ्जिकृत गरी कानुनी संरक्षण प्रदान गरी अभिलेखीकरण गर्ने गरिन्छ । यी नै अभिलेखहरुको आधारमा राज्यले प्रशासनिकतथा जनसांख्यिक तथ्याकं उत्पादन गर्नाको साथै नागरिकलाई सेवा सूविधा प्रदान गर्ने गरिन्छ । यसरी व्यक्तिगत घटना दर्ता राज्यको प्रशासनिक तथा जनसांख्यिक अभिलेख र तथ्याकंको मूख्य केन्द्रविन्दुको रुपमा रहेको हुन्छ र यसैको आधारमा नागरिकलाई राज्यवाट प्रदान गरिने सेवा सूविधाको प्रारम्भ विन्दुको रुपमा लिने गरिन्छ । सार्वजनिक प्रशासनको क्षेत्रमा राज्यका नागरिकहरुको Womb to Tomb सम्मको काम कारवाही समावेश हुने भएको र यस कार्यको लागि पञ्जिकरण प्रणाली प्रमुख  कार्यक्रम रहेको छ । यसको प्राथमिकता र सुव्यवस्थाले नै सुशासन कायम गर्न सघाउ पुर्‍याउने हुन्छ । नेपालमा सो ३ दशकभन्दा अगाडीदेखि यस कायृक्रमको प्रारम्भ भई राज्यको सम्पूर्ण गाउँ विकास समिति र नगरपालिकाहरुमा समेत प्रारम्भ भएको दुई दशक व्यतित भइसकेको छ । सालवसाली रुपमा पञ्जिकरण कार्यक्रम संचालन हुने भएपनि  सरकारी दृष्टिकोणमा प्राथमिकता प्राप्त कार्यक्रममा नपर्नु, वजेटको न्यून व्यवस्था हुनु, नागरिकको अभिलेख व्यवस्थापनको शुरुविन्दुको रुपमा नलिइनु, संगठनात्मक व्यवस्था कमजोर रहनु, जनशक्तिको कमी तथा प्रशिक्षणको व्यवस्था हुन नसक्नु, कामको वोझ अत्याधिक रहेका स्थानीय निकायका गाउँ विकास समितिका सचिव एवं नगरपालिकाका वडा सचिवलाई स्थानीय पञ्जिकाधिकारीको जिम्मेवारी तोकिनु आदि जस्ता समस्याहरु यस कार्यक्रमले वर्षौदेखि अनुभव गर्दै आएको छ । वैदेशिक अनुदान तथा दातृ राष्ट्र वा संस्थाले झकझकाएको अवस्थामा मात्र कार्यक्रम प्रति जागरुक हुन जाने प्रवृत्ति हाम्रो राजनितीक तथा प्रशासनिक वृत्तमा रहनु विडम्वना पूर्ण नै मान्नु पर्ने हुन्छ । पञ्जिकरण कार्यक्रमको संम्वन्धमा देखिएका समस्या र समाधानको लागि गरिनु पर्ने कार्यलाई देहाय वमोजिम उल्लेख गरिएको छ :

### १) संगठनात्मक व्यवस्था :-

शुरुमा वि.सं. २०३० सालमा १० जिल्लावाट कार्यक्रम प्रारम्भ गरिंदा विभागस्तरको कार्यालयको रुपमा अस्तित्वमा आउको पञ्जिकरण सम्वन्धी कार्य गर्ने केन्द्रीय निकाय हाल खुम्चिएर मन्त्रालयको स्वायत्त शासन समन्वय महाशाखा अन्तरगत रहेको छ । शाखाले यस सम्वन्धी कार्य गर्नको अलवा शाखासँग सम्वन्धित अन्य कार्य समेत गर्नुपर्ने भएकोले यस कार्यक्रमको प्राथकिमता कम रहेको  छ । जिल्ला स्तरमा हेर्दा जिल्ला विकास समितिको कार्यालयमा पञ्जिकरण शाखाको व्यवस्था रहेता पनि कतिपय जिल्लामा निजामति कर्मचारीको दरवन्दी नै रहेको छैन ।

### २) विद्यमान ऐन, नियमावली पुर्ण हुन नसक्नु

पञ्जिकरण गर्नको लागि व्यवसथा गरिएको विदमान जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन र नियमवालीमा समसामयीक रुपमा संशोधन हुन नसक्दा कतिपय व्यक्तिगत घटना दर्ता गर्नको लागि स्थानीय निकायवाट निर्देशन माग भई आउने गरेको र सेवाग्राहीले समेत असुविधा महशुस गर्ने भएकोले व्यक्तिगत घटना दर्ता प्रभावकारी हुन नसकेको देखिन्छ । स्थानीय निकायलाई व्यीक्रगत घटना दर्ता सम्वन्धी कार्यक्रम प्रति जिम्मेवार वनाउन साथै राज्यले प्रदान गर्ने सेवा सुविधा र प्रशासनिक अभिलेखहरुलाई अद्यावधिक गर्न राज्यका अन्य क्षेत्रसँग आवद्ध गराउन नसकिएको अवस्था छ ।

### ३) सूचकको स्पष्ट व्यवस्था उल्लेख नहुनु

व्यक्तिगत घटना दर्ता गर्नको लागि मूख्य भूमिका घटना घटेपछि सूचना दिने कर्तव्य भएको व्यक्ति सूचक हुने हुन्छ । जन्म मृत्यू दर्ता गर्न कतिपय अवस्थामा कानूनी हिसावले तोकिएका सूचक उपस्थित

हुने वा सूचक नै नहुने अवस्था सिर्जना हुनु, विदेशमा घटेको घटनाको विषयमा कतिपय अवस्थामा दर्ता गर्न कठिनाई हुनु जस्ता समस्या विद्यमान रहेका छन् ।

### ४) जनशक्तिको न्यून अवस्था

व्यक्तिगत घटना दर्ता गर्ने र कार्यक्रमलाई प्रभावकारी वनाउनका लागि केन्द्र र स्थानीयस्तरमा जनशक्तिको न्यून अवस्था रहेको छ । स्थानीय पञ्जिकाधिकारीको रुपमा तोकिएका गाउँ विकास समिति र नगरपालिका वडा सचिवहरुलाई तोकिएका र निर्देशित भएका कार्यहरुको अत्याधिक वोझ रहन गएको छ । यसका साथै जिल्ला विकास समितिको कार्यालय र केन्द्रमा पनि यस सम्वन्धी कार्य गर्ने जनशक्तिको न्यून अवस्था रहेकोले पञ्जिकरण सम्वन्धी कार्यले प्राथमिकता पाउन नसकेको अवस्था छ ।

### ५) सरकारी सम्वन्धित निकायसँग समन्वयको अभाव

व्यक्तिगत घटना दर्ताले व्यक्तिको कानूनी पहिचान र अधिकारको समेत सिर्जन ागर्ने भएको र यसका प्रमाणहरुरको आधारमा नागरिकता प्राप्ति, विद्यालय भर्ना मतदाता नामावलीमा समावेश विभिन्न सामाजिक सुरक्षा भत्ताको पहिचान आदि कार्यको लागि यसको आवश्यकता रहेको हुन्छ । व्यक्तिगत घटना व्यक्तिको जीवनमा घटिसकेको घटनालाई राज्यको तर्फवाट अभिलेख राखिने प्रणाली भएकोले घटना दर्ता भएको कारणवाट प्रशासनिक वा कानूनी प्रक्रियावाट सम्वन्ध कायम गरिएको भन्ने नहुने भएतापनि कतिपय अवसथामा घटनादर्ताकै कारणवाट नाता सम्वन्ध कायम भएको र उक्त घटना दर्ता अन्य कानून वमोजिम गर्न नमिलने भनि विभिन्न स्थानीय पञ्जीकाधिकारीहरु समेत सजायको भागि वन्ने गरेको अवस्था देखिएको छ । वयक्तिगत घटना दर्ता गर्ने विषयमा यसको सम्वन्ध कतिपय प्रशासनिक तथा शान्ति सुरक्षा अमनचयन कायम गर्ने निकायसँग समेत रहने हुँदा यी निकायविच समन्वयको अभाव हुँदा कतिपय अवसथामा स्थानीय पञ्जिकाधिकारी समेत दोषभागी हुन पुगेको देखिन्छ । विद्यालय भर्ना, मतदात नामावली संकलन , Vital Statistics को निर्माण आदि कार्यका साथै नागरिकता शिफारिस लगायतका कार्यमा विभिन्न सरकारी निकायसँग समन्वय राम्रोसँग हुन सकेको छैन ।

### ६) पञ्जीकरण कार्यक्रमलाई सरकारका अन्य कार्यक्रमसँग आवद्ध गर्न प्राथमिकता नहुनु

व्यक्तिगत घटना दर्ताले नागरिकको साथै राज्यको लागि पनि महत्वपुर्ण अभिलेखको रुपमा कार्य गर्दछ । राज्यले नागरिकहरुलाई पुर्‍याउनुपर्ने सेवा सुविधा जस्तै : नागरिकता प्राप्तीको लागि शिफारिस, राहदानी प्राप्ति, ज्येष्ठ नागरिक, एकल महिला, विधवा, लोपोन्मुख जनजाति, वालसंरक्षण लगायतका भत्ता छात्रवृत्ति, जीवनविमा आदि लगायत उपलव्ध गराउन तथा नियमितरुपले लक्षित समूहको पहिचान गराउनको लागि व्यक्तिगत घटना दर्ताका अभिलेखहरुको महत्वपुर्ण भूमिका रहेको हुन्छ । व्यक्तिगत घटना दर्तासँग सम्वन्धित प्रमाणपत्रहरुको प्रयोग सरकारी तथा अन्य निकायहरुमा अनिवार्य रुपमा गर्न सकिएमा यस कार्यक्रमको प्रभावकारिता वढ्ने हुन्छ । व्यक्तिगत घटना दर्ताका अभिलेख स्थानीय निकायवाट नै अद्यावधिक गर्न सकिने र नागरिलाई राज्यका तर्फवाट प्रदान गरिने धेरैजसो सेवा सुविधाको लागि स्थानीय निकायहरु नै पहिलो सेवाप्रदायक सरकारी निकाय भएको हुँदा यस निकायहरुमा संस्थागत र प्रक्रियागत रुपमा प्राथमिकता राजयले दिन नसक्दा व्यक्तिगत घटना दर्ता कार्यक्रम र यसका अभिलेख ओझेलमा परेको अवस्था छ ।

### ७) कार्यक्रमको लागि न्यून वजेट हुनु

पञ्जिकरण कार्यक्रम सथानीय निकायको गाउँ विकास समिति र नगरपालिकाको वडास्तरमा रहेको र नागरिकका प्रशासनिक क्रियाकलापसँग दैनिकरुपमा कार्य गर्नुपर्ने हुन्छ । तर सथानीयस्तरमा

मात्रै नभई केन्द्रस्तर सम्म पनि न्यून वजेट रहेको छ । जसको कारण नियमित प्रशासनिक प्रकृतिका कार्यहरु सम्पादन हुँदै आएका छन् भने जिल्ला र स्थानीय स्तरमा पञ्जिकरण सम्वन्धमा वजेटको व्यवस्था नै नभएको र भएका निकायहरुमा पनि ज्यादै नै न्यून  रहेको छ । जनचेतनामूलक कार्यक्रम, अध्ययन, अन्वेषण, प्रभावकारिता अध्ययन, तालिम लगायतका अन्य प्रचार-प्रसार सामाग्रीहरुको व्यवस्था, अभिलेख वयवस्थापन गर्नको लागि समेत अन्य निकाय वा संस्थाको मुख ताक्नुपर्ने अवस्था रहेको छ ।

### ८) Vital Statistics को निर्माण नहुनु

व्यक्तिगत घटना दर्ता गर्नको लागि प्रयोग गरिने सूचना फारममा प्रशासनिकप्रकृतिका विवरणहरु रहेका हुन्छन् । प्रशासनिक प्रकृतिका विवरणले नागरिकका विवरणहरु राज्यले कानूनी रुपमा अभिलेख गरी राखेको हुन्छ र त्यस किसिमका विवरणहरुको कानूनी मान्यता रहेको हुन्छ । जनसांख्यिक प्रकृतिका विवरणहरु जनसांख्यिक तथ्याकंका प्रमूख  स्रोतको रुपमा रहेका हुन्छन् र उक्त विवरणहरु अभिलेखको रुपमा नभई विश्लेषण तथा तथ्यांकिय प्रयोजनको लागि प्रयोग गरिने हुन्छन् । जनसांख्यिक तथ्याकंको लागि विश्लेषण गर्दा निश्चित अवधिसम्मका सूचनाहरुको मात्र विश्लेषण गरिनुपर्ने हुन्छ । तयस अघिका विवरणहरुको विश्लेषण गरेर कुनै उपलव्धीमूलक हुने देखिंदैन । यसर्थ व्यक्तिगत घटना दर्ताका सूचना फारामहरुलाई विश्लेषण गर्न सकिएमा स्थानीयस्तर (गाउँ विकास समिति/नगरपालिका), जिल्ला र केन्द्रीयस्तरमा समेत प्रशासनिक तथा जनसांख्यिक तथ्याकं (Administrative Data and Vital Statistics) प्राप्त गरिन सक्ने भएपनि यसको उत्पादन हुन नसकेको कारणवाट स्वास्थ्य, शिक्षा, लगायतका विभिन्न क्षेत्रका लागि आवश्यक र महत्वपुर्ण हुने तथ्याकं उत्पादन हुन नसकेको अवस्था छ ।

व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि माथि केही समस्याहरु मत्र उल्लेख गरिएको छ ।  प्रभावकारी अनुगमन हुन नसक्नु, सेवाग्राहीले नियमित समयवद्ध रुपले सूचना उपलव्ध नगराउनु, आवश्यक परेको समयमा मात्रै दर्ता गरिन, घटना दर्ताको संशोधन प्रक्रिया झण्झटिलो हुनु, पञ्जीकरण कार्यको लागि संगठनात्मक व्यवस्था कमजोर हुनु, जिल्लास्तरमा पञ्जिकरणको व्यवस्था गर्न कानूनी व्यवस्था नहुनु आदि रहेका छन् ।

# भाग पाँच

# पञ्जिकरण कार्यक्रमको प्रभावकारी रुपमा संचालन गर्न दिइएका सुझावहरु

पञ्जिकरण कार्यक्रम नागरिकको प्रशासनिक अभिलेखलाई व्यवस्थित गर्नुका साथै जनसांख्यिक तथ्याकं प्राप्त गर्ने प्रमूख प्रणाली हो । पञ्जिकरण प्रणाली राज्यको प्रशासनिक र जनसांख्यिक अभिलेख तथा तथकंका केन्द्रविन्दु (Nucleus) को रुपमा रहने र अन्य कार्यक्रमहरु यसको वरीपरी संचालित हुने हुन्छन् । तर पञ्जिकरण प्रणालीलाई प्राथमिकता नदिएको कारणवाट राज्यले नागरिकको प्रशासनिक अभिलेख व्यवस्थित गरी राख्न सकेको छैन भने प्रशासनिक अभिलेख राखेका र राख्ने निकायहरुमा पनि दोहोरो हुने किसिमले अभिलेख राखिएको अवसथा छ । त्यसैगरी सन् २०२० सम्ममा “सवैको गणना” (Every Count on 20-20) भन्ने विश्वव्यापी अभियानलाई सफल वनाउनको लागि पनि पञ्जिकरण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नुपर्ने हुन्छ । नेपाल सरकारले सञ्चालनमा ल्याउन लागेको राष्ट्रिय परिचय पत्र नंवर (National Identity Number) र वायोमेट्रिक्स प्रणालीलाई सफल वनाउनको लागि पञ्जिकरण प्रणालीको लागि महत्वपुर्ण भूमिका रहेको हुन्छ । सुशासन कार्यमा भ्रष्टाचार नियन्त्रण, शान्ति सुरक्षामा सुव्यवस्था कायम गर्ने प्रशासनिक, कानूनी प्रक्रियाका क्रियाकलापदेखी नागरिकको घरदैलोमा सेवा सुविधा प्रदान गर्न, लक्षित समूहको पहिचान गर्ने कार्यमा समेत यस कार्यक्रमको महतवपूर्ण भूमिका रहेको हुन्छ । जनसांख्यिक तथ्याकंको महत्वपूर्ण स्रोतको रुपमा रहेको व्यक्तिगत घटना दर्ता प्रणालीले स्थानीय स्तरका योजना तर्जुमा, निती निमार्ण देखि कार्यान्वयन, अनुगमन मूल्याकंनका चरणसम्ममा आवश्यक हुने र महत्वपूर्ण भूमिका रहने जनसांख्यिक तथ्याकं प्राप्त गर्न सकिने भएकोले नागरिकलाई राज्यको लागि आवश्यक हुने व्यक्तिगत विवरणहरु स्वःस्फुर्त रुपमा उपलव्ध गराउन उत्प्रेरित गर्न र नागरिकवाट उपलव्ध गराइएका प्रशासनिक तथा जनसांख्यिक सूचनाका विवरणहरुलाई राज्यको तर्फवाट सुव्यवस्थित रुपले अभिलेख राखि यसका आधारमा नागरिकलाई सेवा प्रवाह गर्न तथा स्थानीय स्तर देखि केन्द्रियस्तरसम्म Vital Statistics को उत्पादन गर्ने कार्यलाई सञ्चालन गर्नुपर्ने देखिन्छ । व्यक्तिगत घटना दर्तालाई ९० % भन्दा माथि पुर्‍याउन सकिएको खण्डमा यसवाट प्राप्त हुने सूचना तथा सूचकहरु ज्नगणना तथा सर्वेक्षणको माध्यमवाट प्राप्त हुने सूचना जसतै भरपर्दो हुने हुँदा आवधिक रुपमा जनगणना, सर्वेक्षण आदि कार्य गर्नु नपर्ने र राज्यको साधन स्रोतको अन्य क्षेत्रमा प्रयोग गर्न सकिने हुन्छ । यस अवस्थामा विद्यमान पञ्जिकरण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न र यसलाई राज्यको प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा संचालन गरि नागरिकका व्यक्तिगत अभिलेखहरुलाई व्यवस्थि तगर्न जन्म, मृत्यू तथा अन्य वयक्तिगत घटना -दर्ता गर्ने) ऐन, २०३३ को दफा ................. अनुसार देहायका सुझावहरु प्रस्तुत गरिएको छ ।

**१) कार्ययोजना सम्वन्धी व्यवस्था**

पञ्जिकरण प्रणाली राज्यको प्रशासनिक तथा जनसांख्यिक अभिलेख तथा तथ्याकंको मुख्य स्रोत भएको हुनाले यसलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तथा संरचनात्मक सुव्यवस्थाको लागि हालसम्म कार्ययोजना तयार हुन नसकेको हुँदा अल्पकालिन, मध्यकालिन र दिर्घकालिन रुपमा सम्पन्न गर्ने गरी राष्ट्रियस्तरमा कार्ययोजना तयार गर्नुपर्ने र उक्त कार्ययोजना अनुरुप कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**२) विद्यमान, जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने सम्वन्धमा**

पञ्जिकरण प्रणालीको सुव्यवस्था गर्न कार्यान्वयनमा रहेको विद्यमान जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन र नियमावली समसामयिक रुपमा संशोधन हुनु नसकेको हुँदा देहाय अनुसारको व्यवस्था भई संशोधित हुनुपर्ने देखिन्छ ।

- व्यक्तिगत घटना दर्ताको अनिवार्य दर्ता गरिनुपर्ने व्यवस्था
- परिवारिक लगत देशव्यापी रुपमा एकपटक संकलन गर्ने र त्यसलाई स्थानीय निकायवाट व्यक्तिगत घटना दर्ता गर्दा नै अद्यावधिक गर्ने व्यवस्था ।
- जिल्लास्तरमा समेत जिल्ला पञ्जिकाधिकारीको व्यवस्था गरी काम, कर्तव्य र अधिकार तोकिनुपर्ने ।
- विद्यमान नियमावलीले पञ्जिकाधिकारीको मात्र काम, कर्तव्यको व्यवस्था उल्लेख गरेकोले स्थानीय पञ्जिकाधिकारी, जिल्ला पञ्जिकाधिकारीको काम, कर्तव्य, अधिकार समेत उल्लेख हुनुपर्ने ।
- व्यक्तिगत घटना दर्ता गर्नको लागि सूचकको व्यवस्था स्पष्ट रुपमा तोकिनुपर्ने ।

**३) संगठन संरचना सम्वन्धमा**

केन्द्रयिस्तरको निकायको रुपमा हाल विद्यमान रहेको यस मन्त्रालयको स्वायत्त शासन व्यवस्था महाशाखा अन्तर्गतको जनसंख्या तथा पञ्जीकरण व्यवस्थापन शाखालाई स्तरोन्नती गरी महाशाखा वा मन्त्रालयको विभागसतरको निकाय वनाइनुपर्ने ।

- जन सम्पर्क, अभिलेख व्यवस्थापन (प्राविधिक तर्फ) र नीतिगत समन्वय तथा कार्य सम्वन्धी निकायको व्यवस्थापन हुनुपर्ने ।
- पञ्जिकाधिकारीको मात्र नभई सह-पञ्जिकाधिकारीको समेत व्यवस्था गरिनुपर्ने ।
- आवश्यकता अनुसार प्रशासन, आर्थिक योजना तथा तथ्याकं, विविध (कम्प्यूटर सम्वन्धी कार्य, अभिलेख व्यवस्थापन) सेवाको दरवन्दी केन्द्र, जिल्ला, नगरपालिका गा.वि.स.मा हुनुपर्ने ।
- जिल्लास्तरमा जिल्ला पञ्जिकाधिकारीको समेत व्यवस्था गरिनुपर्ने ।
- गा.वि.स./न.पा.का स्थानीय पञ्जिकाधिकारीको रुपमा गा.वि.स.सचिव वा वडा सचिवको स्थानमा अन्य कर्मचारीको व्यवस्था गरी स्थानीय पञ्जिकाधिकारीको व्यवस्था गरिनुपर्ने ।

**जनशक्ति व्यवस्थापन सम्वन्धमा**

- पञ्जिकरण सम्वन्धी कार्य गर्ने केन्द्र जिल्ला, गा.वि.स./न.पा.मा Computerize गर्न र अभिलेख व्यवस्थापन गर्न साधन स्रोतको व्यवस्था गरिनुपर्ने ।
- संलग्न कर्मचारीलाई नियमित रुपमा तालिमको व्यवस्था गरिनुपर्ने ।
- जिल्लामा हाल पञ्जिकरण शाखामा कार्यरत कर्मचारीलाई उत्प्रेरित हुने किसिमका पञ्जिकरणको विषय, अभिलेख व्यवस्थापन सम्वन्धी तालिमको व्यवस्था गरिनुपर्ने ।

**वजेटको व्यवस्था**

- कार्यक्रमको संचालनको लागि चालु खर्चका अतिरिक्त पूँजिगत खर्चको पनि व्यवस्था गरिनुपर्ने ।
- स्थानीयस्तर (जिविस/गाविस/नपास्तर) मा व्यक्तिगत घटना दर्ता सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रम सञ्चालन वजेटको व्यवस्था गरिनुपर्ने ।

- कर्मचारीको क्षमता अभिवृद्धि लगायत तालिम कार्यक्रम सञ्चालन गर्न केन्द्र, जिल्ला र स्थानीयस्तरमा वजेट व्यवस्था हुनुपर्ने ।

**<u>अभिलेख व्यवस्थापन</u>**

- स्थानीयस्तरमा VERS Software सञ्चालन गर्न सक्षम निकायहरुको पहिचान गरी अनिवार्य सञ्चालन व्यवस्था मिलाउनुपर्ने/साथै Software सञ्चालन गर्न नसक्ने वा जनशक्ति नभएका स्थानीय निकायको अभिलेख व्यवस्थापन न.पा. र जिल्ला विकास समितिमा गर्ने अनिवार्य वयवस्था गराउनुपर्ने ।
- स्थानीयस्तर/जिल्लास्तर र केन्द्रीयस्तरमा Data Networking को व्यवस्था हुनुपर्ने ।
- केन्द्र र जिल्लास्तरका पुराना अभिलेखको व्यवस्थापन गर्न आवश्यक जनशक्ति र साधन स्रोतको व्यवस्था गरिनुपर्ने ।
- जिल्लावाट नियमित रुपमा प्राप्त हुनुपर्ने मासिक/वार्षिक विवरणहर जिल्लावाट समयमै प्राप्त हुन नसकेकोले वार्षिक विवरण तयार गर्न कठिनाई हुने गरेकोले समयमै प्राप्त गर्ने व्यवस्था हुनुपर्ने

**<u>Mobile Registration सम्वन्धमा</u>**

- स्थानीय निकायले आफ्नो क्षेत्रभित्र समय-समयमा Mobile Registration कार्यक्रम सञ्चालन गरी घटना दर्ता गर्न छुट भएका व्यक्तिको घटना दर्ता गरी विवरण अद्यावधिक गराउनु पर्ने ।

**<u>स्वास्थ्य निकायमा स्थानीय पञ्जिकाधिकारीको व्यवस्था</u>**

- विशेष गरी स्वास्थ्य संस्थामा हुने जन्म र मृत्यूको घटनालाई घटना घटेकै स्थानमा दर्ता गर्ने व्यवस्था भएमा धेरै घटनाहरुलाई समेट्न सकिने भएकोले नेपाल सरकारका जिल्लास्तर सम्मका अस्पतालमा यी दुई व्यक्तिगत घटना दर्ता गर्नको लागि स्थानीय पञ्जिकाधिकारीको व्यवस्था गर्न उपयूक्त हुने ।
- अन्य स्वास्थ्य संस्थामा भएका जन्म र मृत्यूका घटनाको जानकारी सम्वन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा पठाउने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत गराई अभिलेख र सम्वन्धितलाई दर्ता गर्न उत्प्रेरित गर्न उपयूक्त हुने ।

**<u>विविध</u>**

- विद्यालयमा शुरु भर्ना गर्दा जन्म दर्ता प्रमाणपत्रलाई अनिवार्य रुपमा प्रयोग गर्न शिक्षा मन्त्रालय मार्फत सवै शैक्षिक संस्थाहरुमा व्यवस्था गरिनुपर्ने ।
- नागरिकता प्रमाणपत्रको प्रापितको लागि जन्म दर्ता प्रमाणपत्र अनिवार्य गराउने ।
- विद्यालयका पाठ्यक्रममा व्यक्तिगत घटना दर्ता प्रणाली सम्वन्धी पाठ्य सामाग्रीको व्यवस्था गरिनुपर्ने ।

## सरकारी तथा गैर सरकारी निकायसँग सम्वन्ध राख्ने सम्वन्धमा

- व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुले कम प्राथमिकताको क्रममा राख्ने हुँदा यसलाई प्राथमिकता दिइनुपर्ने ।
- गैरसरकारी निकायले जनचेतना अभिवृद्धि, प्रविधि विस्तार तथा हस्तान्तरण, क्षमता अभिवृद्धि सम्वन्धी कार्यमा सहयोग गर्ने गरी कार्यान्वयन गर्न उपयुक्त हुने ।
- सरकारी निकायविच समन्वय स्थापित गर्न केन्द्रीयस्तरमा गठित CRVS को Steering र Committee लाई क्रियाशिल वनाइनुपर्ने । जिल्लास्तरमा समेत जिल्ला समन्वय समिति गठन गरी क्रियाशिल वनाइनुपर्ने ।
- व्यक्तिगत घटना दर्तामा नागरिकहरुको महत्वपूर्ण भूमिका रहने सेवाग्राहीको रुपमा रहेका नागरिकले दिएको सूचनाको आधारमा राज्यले अभिलेख व्यवस्थापन गर्ने भएकोले सेवा प्रदायक संस्था र सेवा प्राप्त गर्ने नागरिकहरुविच उच्च सम्वन्ध तथा समन्वय कायम गरिनुपर्ने ।